# १९औं

## वार्षिक साधारण सभा

आ.व. २०७१/७२

F/Y 2014/15




# तारागाउँ रिजेन्सी होटल्स लिमिटेड

HYATT
REGENCY



ROX RESTAURANT TERRACE



THE LOBBY LOUNGE

# विषय सूची


| विषयहरु | पृष्ठ नं. |
|---|---|
| १. प्रोक्सी फारम | ख |
| २. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको वार्षिक प्रतिवेदन | १ |
| ३. लेखापरीक्षकको प्रतिवेदन | १३ |
| ४ वासलात | १५ |
| ५. नाफा नोक्सान हिसाब | १६ |
| ६. नगद प्रवाह विवरण | १७ |
| ७. इक्विटीमा भएको परिवर्तनको विवरण | १८ |
| ८. प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरु | १९ |
| ९. अनुसूचिहरू | २४ |
| १०. लेखा सम्बन्धी टिप्पणीहरू | ३० |
| ११. नोट | ३४ |

## सञ्चालक समिति

श्री राधेश्याम सराफ
श्री अरुण कुमार सराफ
श्री सुरेशलाल श्रेष्ठ
श्री साधुराम सापकोटा
श्रीमती कमला देवी श्रेष्ठ
श्री उमेश सराफ
श्री राजेशलाल श्रेष्ठ
श्री वरुण सराफ
श्री इन्द्रप्रसाद राजभण्डारी
श्री श्रीवत्स शमशेर राणा
श्रीमती दिजा श्रेष्ठ

## बरिष्ठ उपाध्यक्ष

श्री शेखर राणा

## कम्पनी सचिव

श्री सुजित कुमार झा

## लेखापरीक्षक

श्री बि.के. अग्रवाल एण्ड कम्पनी
चार्टर्ड एकाउण्टेण्ट्स

## रजिष्टर्ड अफिसः

बौद्ध, जि.पि.ओ. बक्स ९६०९, काठमाण्डौ, नेपाल । फोनः ४४९७३५०, फ्याक्सः ४४७०४०९
**Email: info@taragaon.com, share@taragaon.com**

# प्रोक्सी फारम

श्री सञ्चालक समिति
तारागाउँ रिजेन्सी होटल्स लिमिटेड
बौद्ध, काठमाण्डौं ।

**विषयः प्रतिनिधि नियुक्त गरेको बारे ।**

महाशय,

..............................जिल्ला,..........................न.पा./गा.वि.स.वडा नं.....बस्ने म/हामी ..........................................ले त्यस तारागाउँ रिजेन्सी होटल्स लिमिटेडको शेयरधनीको हैसियतले संम्बत २०७३ साल बैशाख १३ गते सोमवारका दिन १९ औं वार्षिक साधारण सभामा म/हामी स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा मेरो/हाम्रो तर्फबाट भाग लिन तथा मतदान गर्नको लागि ............................ जिल्ला, ................................ न.पा./गा.वि.स. वडा नं ........... बस्ने श्री................................................. लाई मेरो/हाम्रो प्रतिनिधि मनोनित गरी पठाएको छु/पठाएका छौं ।

प्रतिनिधि नियुक्त भएको व्यक्तिको नामः–
दस्तखत नमुनाः-
शेयर प्रमाणपत्र/शेयरधनी परिचय नं.:-

निवेदकको दस्तखत :
नाम :
ठेगाना :
शेयरधनी परिचय नं. :
शेयर प्रमाणपत्र नं.:
शेयर संख्या :
मिति :

**नोट :** १) यो निवेदन साधारण सभा हुनुभन्दा कम्तीमा ४८ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालयमा पेश गरिसक्नु पर्नेछ ।

---

**तारागाउँ रिजेन्सी होटल्स लिमिटेड**
(१९ औं वार्षिक साधारण सभामा)
**प्रवेश–पत्र**

शेयर प्रमाणपत्र नं :
शेयर संख्या :
शेयरधनीको नाम : ..........................................
शेयरधनीको हस्ताक्षर (सही): ..............................

तारागाउँ रिजेन्सी होटल्स लिमिटेडको संम्बत २०७३ साल बैशाख १३ गते सोमवारका दिन १९ औं वार्षिक वार्षिक साधारण सभामा उपस्थित हुन जारी गरिएको प्रवेश पत्र ।

द्रष्टव्यः १) शेयरधनीहरु आफैंले माथि उल्लेखित खाली ठाउँहरुमा सम्पूर्ण विवरण भर्नु हुन अनुरोध छ ।
२) सभाकक्षमा प्रवेश गर्न यो प्रवेश–पत्र अनिवार्य रुपमा प्रस्तुत गर्नु पर्नेछ । अन्यथा सभामा प्रवेश गर्न पाइने छैन ।

..................
कम्पनी सचिव

# १९ औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

यस कम्पनीको मिति २०७२।१२।०४ मा बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस होटलका १९ औं वार्षिक साधारण सभा देहायको मिति, समय र स्थानमा निम्न विषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ :

**सभा हुने मिति, समय र स्थान**

मिति : २०७३ वैशाख १३ गते सोमवार (तदनुसार अप्रिल २५, २०१६)

समय : दिनको ११ बजे

स्थान : आर्मी अफिसर क्लब, भद्रकाली, काठमाण्डौं ।

**१९ औं वार्षिक साधारण सभामा छलफल तथा निर्णयको लागि निर्धारित विषयको सूची**

**(क) सामान्य प्रस्ताव :**

१. सञ्चालक समितिको आ.व. २०७१।७२ को प्रतिवेदन छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०७१।७२ को वासलात, नाफा–नोक्सान हिसाब खाता तथा नगद प्रवाह विवरणहरु स्वीकृत गर्ने ।
३. आ.व. २०७२।७३ को लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (हाल वहालवाला लेखापरिक्षक वि.के. अग्रवाल एण्ड कम्पनीका श्री वि.के. अग्रवाल पून: नियुक्त हुन सक्षम हुनु हुन्छ ।)
४. समूह 'ग' का शेयरशधीहरूको प्रतिनिधित्व गर्ने एक जना सञ्चालकको निर्वाचन गर्ने ।
५. विविध ।

**(ख) विविध ।**

संचालक समितिको आज्ञाले

कम्पनी सचिव

**द्रष्टव्य :**

मिति २०७२/१२/२३ गतेदेखि २०७३/०१/१३ गतेसम्म कम्पनीको शेयर दाखिला खारेज गर्ने कार्य बन्द रहनेछ । नेपाल स्टक एक्स्चेञ्ज लि. मा मिति २०७२/१२/२२ सम्म नियमानुसार कारोबार भई यस कम्पनीमा २०७२/१२/३० गतेसम्म दाखिला खारेजका लागि प्राप्त हुन आएका शेयरधनी महानुभावहरुलाई यस साधारण सभाको प्रयोजनको लागि शेयरधनी कायम गरिनेछ ।

## १९ औं वार्षिक साधारण सभा सम्बन्धी सामान्य जानकारी

१. सभामा उपस्थित हुने शेयरधनी महानुभावहरुले यो पुस्तिका तथा पुस्तिकामा भएको प्रवेश पत्र साथमा लिई आउनु हुन अनुरोध छ। कम्पनीको वार्षिक साधारण सभाको सूचना, सञ्चालक समितिको प्रतिवेदन, आर्थिक विवरण, प्रस्ताव लगायतका कागजातहरु सम्पूर्ण शेयरधनी महानुभावहरुलाई यथासमयमा पठाईनेछ। कारणवस कसैलाई उक्त प्रतिवेदन प्राप्त नभएमा होटलको रजिष्टर्ड कार्यालयबाट प्राप्त गर्न सकिनेछ।

२. सभामा उपस्थित हुने शेयरधनी महानुभावहरुले प्रवेश पत्र, शेयर प्रमाणपत्रको प्रतिलिपि र आफ्नो परिचय खुल्ने कागजात (जस्तै: नागरिकताको प्रमाणपत्र वा अन्य कुनै आधिकारिक परिचयपत्र) साथमा लिई आउनु हुन अनुरोध छ। प्रतिनिधि नियुक्ति गर्ने व्यक्ति कम्पनी वा संगठित संस्था भएमा त्यस्तो कम्पनी तथा संस्थाको छाप सहित अधिकार प्राप्त व्यक्तिको दस्तखत गरेको पत्र सहित उपस्थित हुनुपर्छ।

३. सभामा भाग लिन तथा मतदान गर्नको लागि प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले सभा शुरु हुने समयभन्दा कम्तीमा ४८ घण्टा अगाडि होटलको रजिष्टर्ड कार्यालय बौद्ध, काठमाण्डौमा प्रोक्सी फाराम दर्ता गराई सक्नु पर्नेछ। प्रतिनिधि पत्र (प्रोक्सी) प्रचलित कम्पनी कानुनले तोकेको ढाँचामा हुनु पर्नेछ।

४. प्रोक्सी नियुक्त गर्ने शेयरधनीले आफूले लिएको सम्पूर्ण शेयरको प्रोक्सी एकै व्यक्तिलाई मात्र दिनु पर्नेछ। अन्यथा प्रोक्सी फाराम मान्य हुनेछैन।

५. नाबालक वा विक्षिप्त शेयरधनीको तर्फबाट होटलको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रोक्सी तोक्न सक्नुहुनेछ।

६. सभामा भाग लिन प्रोक्सी नियुक्त गरिसक्नु भएका शेयरधनी आफैं सभामा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गर्नु भएमा शेयरधनीले दिएको प्रोक्सी स्वत: बदर हुनेछ।

७. सभामा भाग लिन आउनु हुने प्रत्येक शेयरधनी महानुभावहरू वा निजका प्रतिनिधिहरुले सभा हुने स्थानमा रहेको शेयरधनी हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्ने व्यहोरा अनुरोध छ। उक्त हाजिरी पुस्तिका बिहान १० बजेदेखि १ बजेसम्म खुल्ला रहनेछ।

८. संयुक्त रुपमा शेयर खरीद गरिएको अवस्थामा शेयरधनी लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन पाउनेछन्।

९. शेयरधनी महानुभावहरुले व्यक्त गरेको मन्तव्य वा प्रश्नहरुको सम्बन्धमा संचालक समितिको तर्फबाट सामुहिक रुपले वा सञ्चालक समितिको अध्यक्ष वा अध्यक्षले तोकेको व्यक्तिले उत्तर दिन सक्नुहुनेछ ।

१०. शेयरधनी महानुभावहरुलाई छलफलका विषयमध्ये विविध शीर्षक अन्तर्गत होटल सम्बन्धी जिज्ञासा भए इच्छुक शेयरधनीहरुले सभा हुनुभन्दा ७ दिन अगावै कम्पनी सचिव मार्फत् यस कम्पनीका अध्यक्षज्यूको नाममा सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनु पर्नेछ।

११. मिति २०७२/१२/२३ गतेदेखि २०७३/०१/१३ गतेसम्म कम्पनीको शेयर दाखिला खारेज गर्ने कार्य बन्द रहनेछ। नेपाल स्टक एक्स्चेञ्ज लि. मा मिति २०७२/१२/२२ सम्म नियमानुसार कारोबार भई यस कम्पनीमा २०७२/१२/३० गतेसम्म दाखिला खारेजका लागि प्राप्त हुन आएका शेयरधनी महानुभावहरुलाई यस साधारण सभाको प्रयोजनको लागि शेयरधनी कायम गरिनेछ।

१२. यस साधारण सभाबाट कम्पनीका 'ग' समूहका शेयरधनीहरूको प्रतिनिधित्व गर्ने एक जना सञ्चालकको निर्वाचन समेत हुने भएकोले उक्त निर्वाचन सम्बन्धी सूचना तथा कार्यक्रम मिति २०७३/०१/०२ का दिन बिहान ११:०० बजे कम्पनीको रजिष्टर्ड कार्यालय बौद्धमा प्रकाशित गरिने छ।

१३. शान्ति सुरक्षाका कारण साधारण सभामा उपस्थित हुनुहुने शेयरधनी महानुभावहरुलाई झोला/ब्याग आदि नल्याउनु हुन अनुरोध गरिन्छ। साथै सभा स्थलमा रहेका सुरक्षाकर्मीले आवश्यक देखेमा सुरक्षा जाँच गर्नसक्ने भएको हुँदा सुरक्षा जाँचमा सहयोग गरिदिनको निमित्त समस्त शेयरधनी महानुभावहरुलाई अनुरोध गरिन्छ।

१४. साधारण सभा सम्बन्धी थप जानकारीको लागि यस होटलको रजिष्टर्ड कार्यालय बौद्ध, काठमाण्डौमा कार्यालय समयभित्र सम्पर्क राख्न हुन अनुरोध छ।

# सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन

आदरणीय शेयरधनी महानुभावहरु,

यस तारागाउँ रिजेन्सी होटल्स लिमिटेडको १९औं वार्षिक साधारण सभामा उपस्थित हुनु भएका सम्पूर्ण शेयरधनी महानुभावहरु, प्रतिनिधिहरु, आमन्त्रित महानुभावहरु, तथा उपस्थित सबैलाई सञ्चालक समितिको तर्फबाट हार्दिक स्वागत तथा अभिवादन गर्न पाउदा धैरै खुशी महशुस गरीरहेका छौं । यस कम्पनीले यहाँहरुको अमुल्य सुझाव तथा सल्लाहलाई मार्गदर्शनको रुपमा लिई यस वर्ष पनि विगतका वर्षहरुमा जस्तै उपलब्धीपूर्ण नतिजा हासिल गर्न सक्षम भएको छ । यस सभामा यहाँहरुको उपस्थितिबाट कम्पनीले पाउने सल्लाह, सुझाव, सहयोग र सद्भावले भावि कार्य योजना तथा लक्ष्य प्राप्तिमा थप टेवा पुग्नेछ भन्ने हामी सबैले विश्वास लिएका छौं ।

सञ्चालक समितिको तर्फबाट म आज यहाँहरु समक्ष २०७२ आषाढ मसान्तसम्मको कम्पनीको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, सञ्चालक समितिको वार्षिक प्रतिवेदन लगायत लेखापरीक्षकको प्रतिवेदन स्वीकृतिको लागि पेश गर्दै, कम्पनीले आ.व. २०७१/७२ मा प्राप्त गरेको उपलब्धि तथा कार्यनीति र आगामी वर्षमा गरिने कार्य योजनाहरु यहां शेयरधनी महानुभावहरु समक्ष प्रस्तुत गर्दछु । यो वार्षिक प्रतिवेदन कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानूनअनुसार तयार पारिएको छ ।

**क) विगत वर्षको कारोबारको सिंहावलोकन :**

यस कम्पनीको आ.व. २०७१।०७२ र २०७०।०७१ को कारोबारको तुलनात्मक विवरण निम्नानुसार रहेको छ :

(रू. करोडमा)

| विवरण | आ.व. २०७१।०७२ | आ.व. २०७०।०७१ | फरक (रकम) | फरक (प्रतिशत) |
|---|---|---|---|---|
| कोठा बिक्रीबाट आम्दानी | ६७.२१ | ७२.१० | (४.८९) | (६.७८) |
| खाद्य तथा पेय पदार्थ बिक्रीबाट आम्दानी | ४३.६२ | ४१.८७ | १.७५ | ४.१८ |
| **कारोबारबाट आम्दानी** | **११०.८३** | **११३.९७** | **(३.१४)** | **(२.७६)** |
| अन्य आम्दानी | ८.२६ | १०.८२ | (२.५६) | (२३.६६) |
| **जम्मा आम्दानी** | **११९.०९** | **१२४.७९** | **(५.७०)** | **(४.५७)** |
| न्यून: बिक्रीको लागत | ३२.१० | ३५.२७ | (३.१७) | (८.९९) |
| न्यून: सञ्चालन, प्रशासकिय तथा साधारण खर्च | ४९.२८ | ४७.१६ | २.१२ | ४.५० |
| **सञ्चालन मुनाफा** | **३७.७१** | **४२.३६** | **४.६५** | **(१०.९८)** |
| न्यून: ब्याज तथा बित्तिय खर्च | ०.२९ | ३.९८ | (३.६९) | (९२.७१) |
| न्यून: ह्रास कट्टी | १२.७७ | १२.८९ | (०.१२) | (०.९३) |
| न्यून: आवासको व्यवस्था | १.१७ | १.३० | (०.१३) | (१०.००) |
| न्यून: कर्मचारीको बोनस | २.०२ | २.२५ | (०.२३) | (१०.२२) |
| न्यून: विनिमय परिवर्तनमा नाफा/(नोक्सानी) | १.२२ | (०.५३) | १.७५ | ३३०.१९ |
| **कर पहिलेको खुद नाफा** | **२०.२४** | **२२.४७** | **(२.२३)** | **(९.९२)** |
| न्यून: चालु कर | ६.८५ | २.०८ | ४.७७ | २२९.३३ |
| जोडः परसारिएको कर | २.८२ | ०.८५ | १.९७ | २३१.७६ |
| **खुद नाफा** | **१६.२१** | **२१.२४** | **(५.०३)** | **(२३.६८)** |

वैशाख १२ गतेको विनाशकारी महाभूकम्प र त्यसपछिका सानाठूला पराकम्पनहरूका कारण तथा देशको राजनैतिक परिस्थितिले गर्दा गत वर्षको तुलनामा यस होटलले सोचे अनुरुपको उदेश्य प्राप्त गर्न नसकेको कुरा अवगत गराउदै यस आ.व. २०७१।०७२ को मुख्य वित्तिय विवरण निम्न प्रकारले प्रस्टाइएको छ र माथि उल्लेखित सुचकाङ्कहरु विश्लेषण गर्दा होटलले गत आ.व. २०७०।०७१ मा कुल आय रु. १२४ करोड ७९ लाख आर्जन गरेकोमा यस आ.व. २०७१।०७२ मा कुल आय ४.५७ प्रतिशतल घटेर रु. ११९.०९ करोड पुगेको छ ।

गत वर्षको तुलनामा विक्रीको लागत ८.९९ प्रतिशतले घटेर रु. ३२.१० करोड पुगेको छ । सञ्चालन, प्रशासकिय तथा साधारण खर्च ४.५०% ले वृद्धी भई रु. ४९.२८ करोड रहेको छ। सञ्चालन मुनाफा गत वर्षको तुलनामा १०.९८ प्रतिशतले घटेर रु. ३७.७१ करोड आर्जन गरेको छ। गत आर्थिक वर्ष २०७०।०७१ मा यस कम्पनीले रु. २१ करोड २४ लाख खुद नाफा आर्जन गरेकोमा यस आ.व. २०७१।०७२ मा २३.६८% ले घटेर रु. १६ करोड २१ लाख हुन आएको व्यहोरा जानकारी गराउँदछु ।


चालु आ.व.मा होटेलको मर्मत संभार, १८ औ वार्षिक साधारणसभामा भएको उद्घोषण वमोजिम कम्पनीको **Lease** मा रहेको जग्गामा **Exhibition Event and Banquet Center** निमार्ण गर्ने साथै कम्पनीको खाली रहेको जग्गामा अरु नयाँ परीयोजनाहरु निमार्ण गर्नको लागि योजनाहरु तयार गर्ने जस्ता मुख्य लक्ष्य रहेको छ। अग्राधिकार शेयरधनी महानुभावहरुलाई अग्राधिकार शेयर वापत होटलले तिर्नु पर्ने साँवा तथा ब्याज वापत हुने शत प्रतिशत रकम वितरण भईहेको व्यहोरा समेत जानकारी गराउदछौं ।


**कम्पनीको गत ३ आर्थिक वर्षको अक्यूपेन्सी (Occupancy) र कोठाको औसत दर (Average Room Rate) निम्न अनुसार रहेको छ :**


| विवरण | आ.व. २०७१।०७२ | आ.व. २०७०।०७१ | आ.व. २०६९।०७० |
|---|---|---|---|
| अक्यूपेन्सी **(Occupancy)** प्रतिशत | ६६.८०% | ७३% | ६५% |
| कोठाको औसत दर **(Average Room Rate) ARR** | १०,५०८ | १०,२५४ | ९,६२१ |


यस होटलको गत वर्षको अक्युपेन्सी ७३% र कोठाको औसत भाडा दर रु.१०,२५४/- रहेको मा यस होटलको यस आ.व.मा अक्युपेन्सी ६६.८०% र औसत कोठा भाडा दर रु. १०,५०८/- रहेको कुरा अवगत गराउदछौं ।


**आर्थिक वर्ष २०६६।०६७ देखि २०७१।०७२ सम्मको यस होटलको कुल आम्दानी, खुद नाफा, क्षेत्रगत आम्दानी, अक्युपेन्सी दर, शिर्षक अनुसार कुल खर्चको विवरण र सञ्चालन नाफाको स्थिति निम्न चित्रबाट प्रष्ट हुने व्यहोरा अनुरोध गर्न चाहन्छु ।**



क्षेत्रगत आम्दानी
रु. करोडमा
८०
७०
६०
५०
४०
३०
२०
१०
०
३९.९२
२३.७९
६.२९
४७.९५
३१.०६
५.६२
५२.८३
३१.४
५.९९
५९.९४
३५.८३
१२.६६
७२.१
४१.८७
१०.८२
६७.२
४३.६
८.२
२०६६-६७
२०६७-६८
२०६८-६९
२०६९-७०
२०७०-७१
२०७१-७२
वर्षहरू
कोठा
खाद्य तथा पेय पदार्थ
अन्य


सञ्चालन नाफा
रु. करोडमा
४५
४०
३५
३०
२५
२०
१५
१०
५
०
२५.८८
२३.१६
३०.४३
३९.२८
४२.३७
३७.७१
२०६६-६७
२०६७-६८
२०६८-६९
२०६९-७०
२०७०-७१
२०७१-७२
वर्षहरू


अक्यूपेन्सी दर
रु. करोडमा
८०
६०
४०
२०
०
५२
६०
५९
६५
७२
६७
२०६६-६७
२०६७-६८
२०६८-६९
२०६९-७०
२०७०-७१
२०७१-७२
वर्षहरू


रु. करोडमा
शिर्षक अनुसार कूल खर्चको विवरण
विकी तथा प्रवर्द्धन खर्च
१३.११
प्रशासकिय तथा अन्य खर्च
२९.९०
विद्युत तथा इन्धन खर्च
८.८५
व्याज तथा वित्तिय खर्च
०.२९
ह्रास कट्टी
१२.७७
तलब तथा ज्याला खर्च
२०.०८
चालु कर
६.८५
खाद्य तथा पेय पदार्थ खर्च
११.५०
आवास व्यवस्था
१.१७
कर्मचारी बोनस खर्च
२.०२




**ख) राष्ट्रिय तथा अन्तराष्ट्रिय परिस्थितिबाट परेको असर :**

वैशाख १२ गतेको विनाशकारी महाभूकम्प र त्यसपछिका सानाठूला पराकम्पनहरूका कारण भएका मानवीय तथा भौतिक क्षतिले मुलुकको समग्र अर्थ व्यवस्थामा गम्भीर असर पारेको छ । साथै देशमा जारि विद्यमान राजनैतिक अस्थिरता वाट मूल्य वृद्धि तथा आर्थिक वृद्धिमा आएको ह्रासले गर्दा चालू आर्थिक वर्षको लक्ष्य आर्थिक वृद्धिदर पूर्वानुमान अनुसार हासिल गर्न सकिएन ।

नेपालको अर्थ व्यवस्थामा पर्यटन क्षेत्रको योगदानलाई महत्वपूर्ण रूपमा स्वीकारिँदै आएको छ । पछिल्लो तथ्यांकअनुसार अहिले नेपालको कुल जीडीपीमा पर्यटन क्षेत्रको योगदान २.०६ प्रतिशत छ । यसैगरी, कुल विदेशी मुद्रा आर्जनमा पर्यटन क्षेत्रको हिस्सा ५ प्रतिशतको हाराहारीमा रहेको छ । संस्थाहरूको अध्ययनले भने नेपालमा पर्यटन क्षेत्रले ठूलो संख्यामा रोजगारीको अवसर प्रदान गरेको बताइएको छ । विश्व अन्तराष्ट्रिय यात्रा तथा पर्यटन परिषद्‌को **'वर्ल्ड ट्राभल एन्ड टुरिज्म: इकोनोमिक इम्प्याक्ट २०१४'** नामका प्रतिवेदनअनुसार पर्यटन क्षेत्रले ५ लाख ४ हजार जनशक्तिलाई प्रत्यक्ष रोजगारीको अवसर प्रदान गरेको छ । सरकारी तथा निजी क्षेत्रमा पनि उल्लेखनीय रोजगारीको अवसर सिर्जना हुन नसकिरहेको अहिलेको अवस्थामा पनि पर्यटन क्षेत्रले प्रशस्त रोजगारीको अवसर प्रदान गरिरहेका छन् । पर्यटन क्षेत्रमा विद्यमान आर्थिक अवसरलाई दृष्टिगत गर्दै स्वदेशी तथा विदेशी लगानीकर्ताहरूले यस क्षेत्रमा ठूलो लगानी पनि गर्दै आएका छन् । यसै वर्ष मात्रै नेपालको पर्यटन क्षेत्रमा झन्डै ५० अर्ब रुपैयाँको लगानी भित्रिएको छ । पर्यटन प्रवर्द्धन तथा देशको विकासको दृष्टिकोणमा यो निकै खुसीको कुरा हो । साथै देशमा आएको नया सँबिधानले नँया आशाका किरण जगाएका छन तथा देशमा लामो समय देखि चलिरहेको राजनैतिक अस्थिरता समाप्त हुने आशा गर्न सकिन्छ ।

अन्तराष्ट्रिय परिस्थितिवाट कम्पनीको कारोवारलाई परेको असरका सम्बन्धमा सिंहावलोकन गर्दा महाभूकम्पको खबर सँगसँगै नेपालका पर्यटकीय गन्तव्यहरू जोखिमको उच्च स्थानमा परेका समाचारहरू पनि अन्तराष्ट्रिय क्षेत्रमा प्रेसित भएका छन् । यसले गर्दा महाभूकम्पले विश्व समुदायमा नेपाल भूकम्पीय अति जोखिमको क्षेत्रमा परेको तथ्यलाई थप पुष्टि गरेको छ । जसवाट पर्यटकको संख्यामा कमि हुने अनुमान छ । भूकम्पकै कारण हिमआँधीमा परी मानवीय क्षति भएपछि लगातार दोस्रो वर्ष पनि सगरमाथा शिखर आरोहण कार्यक्रम रद्द गरिएको छ । यसले गर्दा विश्वभरिका पर्यटकहरूको मनमा नेपाल असुरक्षित पर्यटकीय गन्तव्य हो भन्ने पर्न गएको छ । महाभूकम्पकै कारण विश्वको सर्वोच्च शिखर सगरमाथा आरोहणमा गएका आरोहीहरूको हिमआँधीमा परी निधन हुनु र लाङटाङ पदमार्गमा हिमपहिरोमा परी सयौं विदेशी पदमार्गीहरूको मृत्यु हुनुले नेपाल साँच्चै असुरक्षित गन्तव्य हो भन्ने तथ्यलाई थप बल प्रदान गरेको छ । नेपाल प्राकृतिक सम्पदाले जति धनी छ, तिनै प्राकृतिक सम्पदा भयंकर जोखिमका रूपमा समेत रहेको अहिलेका घटनाहरूले पुष्टि गरेकाले विदेशी पर्यटकहरूमा एक किसिमको डर र त्रास पनि पैदा गरेको छ ।

नेपालमा पर्यटनको विशाल सम्भावना भए पनि विश्वसामु प्रस्तुत गर्न नसकिएको अवस्थामा महाभूकम्पपछिको माहोलले त्यो अवसर सिर्जना गरेको छ । यो वेला प्राचीन गाउँ-शहरका मौलिक कला, संस्कृति-संस्कार, जीवनशैली तथा हिमाल आरोहण, ट्रेकिङ, साहसिक पर्यटनसँगै जंगल सफारीका लागि समेत नेपाल उत्कृष्ट छ भनेर विश्वव्यापी प्रचार गर्नुपर्छ । माउन्टेन बाइक, बञ्जीजम्प, रक क्लाइम्बिङ, र्यारफ्टिङ, कायकिङ, चरा अवलोकन आदिलाई 'फोकस' गरेर कार्यक्रम ल्याइ विश्वव्यापी प्रचार गर्नुपर्छ ।

सन् २०२० मा २० लाख पर्यटक भित्र्याउने सरकारको योजना सफल पार्न पनि भूकम्पपछिको प्रचारलाई तीव्र बनाउनुपर्नेछ । त्यसका लागि नयाँ क्षेत्रीय विमानस्थल निर्माण र काठमाडौं विमानस्थलको मर्मतसम्भार सक्नुपर्नेछ । यी दुई विमानस्थल चौबीसै घन्टा सुचारु हुने अवस्थाले आयस्तर बढेर घुम्न थालेका भारतीय र चिनियाँ पर्यटकलाई नेपालतिर तान्न सहयोग पुर्याउनेछ ।

**पर्यटन नीति २०६५ र 'टुरिज्म भिजन २०२०'** तर्जुमा गरी पर्यटन क्षेत्रको दीर्घकालीन विकास गर्ने लक्ष्य लिइएबाट पनि सरकार पर्यटन प्रवर्द्धनका लागि प्रयत्नशील रहेको देखिन्छ । यद्यपि, नेपालको पर्यटन विकासको जिम्मेवारी बोकेका सम्बद्ध निकायमा देखिएको गैरजिम्मेवारी र अकर्मण्यताका साथै द्रव्यपिचास प्रवृत्तिले गर्दा पर्यटन प्रवर्द्धनको कार्य अपेक्षित सफल हुन सकेको छैन ।

विश्व आर्थिक मन्चले सार्वजनिक गरेको **'ट्राभल एन्ड टुरिज्म कम्पिटिटिभनेस इन्डेक्स २०१५'** अनुसार वरीयतामा नेपाल अघिल्लो वर्षभन्दा १० स्थान माथि उक्लेको छ । पर्यटन क्षेत्रका लागि अति आवश्यक व्यावसायिक वातावरण, पूर्वाधार, नीतिनियम, प्राकृतिक स्रोत, वातावरणीय दिगोपन, स्वास्थ्य तथा खाना, सुरक्षा, सञ्चार पहुँच, मानव संसाधन तथा श्रम बजार आदिका आधारमा निर्धारण गरिएको वरीयतामा नेपाल १ सय ४१ मुलुकमध्ये १०२औं स्थानमा परेको छ । नेपालले कुल ७ अंकमा ३.२७ अंक प्राप्त गरेको छ । अघिल्लो पटकको प्रतिवेदनमा नेपाल ११२औं स्थानमा थियो । वरीयता क्रममा देखिएको यो सुधारले पनि नेपालको पर्यटन प्रवर्द्धनमा सकारात्मक भूमिका गर्ने अपेक्षा गर्न सकिन्छ ।

**ग) प्रतिवेदन तयार भएको मितिसम्म चालु वर्षको उपलब्धि र भविष्यमा गर्नु पर्ने कुराको सम्बन्धमा सञ्चालक समितिको धारणा यस प्रकार छ ।**

**१. चालु वर्षको २०७२ फागुन १७ गते सम्मको उपलब्धी :** (रू. करोडमा)

| विवरण | २०७२ फागुन १७ गतेसम्म | २०७१ फागुन १६ गतेसम्म | फरक रकम |
|---|---|---|---|
| कोठा बिक्रीबाट आम्दानी | ३२.९४ | ४५.१० | (१२.१६) |
| खाद्य तथा पेय पदार्थ बिक्रीबाट आम्दानी | २२.५३ | ३०.४२ | (७.८९) |
| अन्य आम्दानी | ५.७१ | ४.४८ | १.१३ |
| **कूल आम्दानी** | **६१.१८** | **८०.००** | **(१८.८२)** |
| न्यूनः बिक्रीको लागत | १८.४७ | २१.८० | (३.३३) |
| न्यूनः सञ्चालन, प्रशासकिय तथा साधारण खर्च | २५.८८ | ३१.०३ | (५.१५) |
| **सञ्चालन मूनाफा** | **१६.८३** | **२७.१७** | **(१०.३४)** |
| न्यूनः ब्याज तथा वित्तिय खर्च | – | ०.२९ | (०.२९) |
| न्यूनः ह्रास कट्टी | ७.६४ | ८.०८ | (०.४४) |
| **आयकर तथा बोनस व्यवस्था अघिको खूद नाफा** | **९.१९** | **१८.८०** | **(९.६१)** |

चालु वर्ष २०७२।०७३ को फागुन १७ गते सम्म होटलको कुल आम्दानी विगत वर्षको सोहि अवधी भन्दा २३.५३% ले कम भई रु. ६१.१८ करोड पुगेको छ । साथै आयकर, बोनस तथा आवास व्यवस्था अधिको नाफा ५१.१२% कम भई रु. ९.१९ करोड पुगेको कुरा अवगत गराउदछौं ।

**२. चालु वर्षको प्रमुख लक्ष्य :**

चालु आ.व.मा होटेलमा लागेको यन्त्र तथा उपकरण धेरै पुरानो भएकोले त्यसको मर्मत तथा संभार गर्ने, होटेललाई मुख्य रूपमा यस आ.ब. मा **renovation** गर्ने, कम्पनीको **Lease** मा रहेको जग्गामा **Exhibition Event and Banquet Center** निमार्ण गर्ने योजना अनुरुप **Design** को काम सकिसकेको छ । साथै कम्पनीको खाली रहेको जग्गामा अरु नयाँ परीयोजनाहरु **Hotel Expansion** र **Ethinic Village** निमार्ण गर्नको लागि योजनाहरुको सम्भाव्यता हेरी अर्को आ.व. मा निर्माण सुरु गर्ने जस्ता मुख्य लक्ष्य रहेको छ । देशमा आएको माहाभूकम्पले पर्यटन क्षेत्रमा पारेको असरले सबै होटलको **occupancy** घटेको छ जसको असर यस होटललाई पनि पर्न जानु स्वभाबिकै हो । अत: **occupancy** बढाउनका लागि आवश्यक पहल गर्नु, नयाँ प्रविधिहरुको उपयोग गरेर पाहुनाहरुलाई अधिकतम सुबिधा प्रदान गर्नु र अन्तर्राष्ट्रिय स्तरको कार्यक्रममा भाग लिई पर्यटकहरुलाई आकर्षित गरेर आम्दानी वृद्धि गरी यस कम्पनीलाई आर्थिक रुपमा सवल बनाउने लक्ष्य रहेको कुरा अवगत गराउदछौं । साथै क्यासिनो संचालन आश्विन महिना २०७२ देखि सुरु भएको छ, जस पश्चात होटेलको आम्दानीमा उल्लेखनीय वृद्धि हुन जाने विश्वास लिएका छौ ।

**घ) संस्थागत सामाजिक दायित्व :**

कम्पनीको संस्थागत सामाजिक उत्तरदायित्व **(Corporate Social Responsibility)** अनुसार देशमा आएको माहाभूकम्पवाट पीडितहरुलाई सहयोगका लागि होटेल संघ नेपालले संचालन गरेका **"HAN Earthquake Relief Fund"** खातामा एकमुष्ठ रु. ३ लाख आर्थिक सहयोग प्रदान गरेको तथा शैक्षिक उत्थानका लागि समाजमा सकारात्मक प्रभाव पारी समग्र शैक्षिक क्षेत्रमा सामाजिक जागरण ल्याउन श्री गार्गी कन्या गुरुकुल प्रतिष्ठान, मालिगाऊँ, काठमाण्डौंलाई एकमुष्ठ रु. ५ लाख आर्थिक सहयोग प्रदान गरेको जनाउँदा हर्षित छौं ।

**ङ) कम्पनीको औद्योगिक वा व्यावसायिक सम्बन्ध :**

यस कम्पनीका नीतिगत निर्णयहरु गर्ने संचालकसमिति र कार्यन्वयन गर्ने पदाधिकारी एबं कर्मचारीहरुबीच सम्बन्ध सौहार्दपूर्ण रहेको छ । यस कम्पनीको व्यवस्थापनको कार्यगत निर्णयमा सामन्जस्य हुनुको साथै कम्पनी संचालनमा सलंग्न सबै सम्बन्धित पक्षहरु, युनियन, कर्मचारी, आपुर्तिकर्ता, ठेकेदार, ट्राभल्स एजेन्सी, सम्बन्धित सरकारी निकाय तथा अन्य सम्बद्ध व्यक्तिहरुसँगको सम्बन्ध सौहार्दपूण रहेको छ । यसवाट कम्पनीमा अनुकूल कार्य वातावरण सृजना भइ कम्पनीको व्यवसायिक उन्नति हुँदै जाने विश्वास लिएका छौ । साथै यसलाई अझ प्रगाढ तथा सुमधुर बनाउन कम्पनी निरन्तर प्रयासरत छ ।

होटल विभिन्न संस्थागत तथा उपभोक्तामुलक ग्राहकहरुको सेवामा समर्पित भई रहेको छ जसका कारणले थुप्रै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संगठनहरु, अन्तर्राष्ट्रिय सहायता नियोगहरु, अन्तर्राष्ट्रिय कुटनीतिक नियोगहरुसँग घनिष्ट व्यावसायिक सम्बन्ध स्थापित गर्न पूर्णरुपमा सफल भएको छ । साथै होटलले स्वच्छ प्रतिस्पर्धा, व्यावसायिकता तथा आपसी हितको सिद्धान्तमा आधारित नीति अवलम्वन गर्दै छिटो छरितो तरिकाले यी सबै ग्राहकहरुलाई अन्तर्राष्ट्रिय स्तरको होटल सेवा तथा सुविधाहरु उपलब्ध गराउँदै आएका छौं । साथै यी सेवा र सुविधाहरुलाई अझै गुणस्तरीय बनाउन निरन्तर प्रयत्नशील रहेका छौं ।

**च) सञ्चालक समितिमा भएको हेरफेर र सो को कारण :**

कम्पनीको १६ औ वार्षिक साधारणसभामा भएको निर्णय तथा कम्पनीको प्रबन्ध पत्र नियमावलीमा भएको संशोधनको कार्यान्वयनको लागि संचालक समितिको बैठकको निर्णय अनुसार मिति २४ पौष २०७१ मा सबै समूहलाई आ-आफनो समूहबाट प्रतिनिधित्व गर्ने संचालककहरुको नाम अविलम्व पठाई दिनको लागी पत्राचार गरियो ।

समूह "क" बाट साधुराम सापकोटाज्युले प्रतिनिधित्व गरी राख्नु भइरहेको र अर्को व्यवस्था नभएसम्म श्री साधुराम सापकोटाज्युले नै प्रतिनित्व गर्ने, कम्पनीको समूह "ख" र "घ" बाट प्रतिनिधित्व गर्ने संचालकहरु श्री राधेश्याम सराफ, श्री अरुण कुमार सराफ, श्री सुरेशलाल श्रेष्ठ, श्री राजेश लाल श्रेष्ठ, श्री उमेश सराफ, श्री बरुण सराफ र दिजा श्रेष्ठको नाम प्राप्त भइ कम्पनीको १८ औ वार्षिक साधारणसभाबाट सदर गरियो ।

समुह "ग" बाट अर्को निर्वाचन नभएसम्म श्रीमती कमलादेवी श्रेष्ठले प्रतिनिधित्व गर्ने निर्णय भयो ।

त्यस्तै श्री श्रीवत्स शमशेर राणा र श्री इन्द्र प्रसाद राजभण्डारी २ जना स्वतन्त्र संचालकको रुपमा कम्पनी ऐन २०६३ को दफा ८६ (३) अनुसार नियुक्त तथा कम्पनीको १८ औ वार्षिक साधारणसभाबाट सदर गरियो ।

**छ) कारोबारलाई असर पार्ने मुख्य कुराहरु :**

विदेशी मुद्रा आर्जनद्वारा नेपालको अर्थ व्यस्थालाई सुदृढ बनाउन उल्लेखनीय योगदान गर्दै आएको पर्यटन क्षेत्रमाथि माहाभूकम्पले गम्भिर असर पारेको छ । विश्वसम्पदा सूचीमा रहेका काठमाडौं उपत्यकाका आकर्षक सम्पदाहरूमा भएको क्षतिले गर्दा काठमाडौं उपत्यकामा पर्यटनको आधार नै टुटेको विश्लेषण हुन थालेको छ । विदेशी पर्यटकलाई छक्कै पार्ने ऐतिहासिक धरोहरका रूपमा रहेको धरहरा ढलेसँगै काठमाडौंको एउटा मुख्य आकर्षण नै घटेको महसुस गरिएको छ, जुन सम्पदा हेर्न पर्यटकहरू सात समुद्रपारिदेखि आउँथे ।

साथै, देशमा आएको नयाँ संविधान पछि केहि ठाउँहरुमा निरन्तर चलिरहेको विरोध तथा प्रदर्शन र नाकावन्दीबाट देशमा असहज परिस्थिति उत्पन्न भएको जसले गर्दा यस होटेललाई चलाउन चाहिने सामानहरु वजारबाट बढी मूल्यमा किन्नु परिरहेको छ जस कारणले आउने वर्षमा होटेलको वासलात, नाफा नोक्सानमा नकारात्मक प्रभाव पर्ने अनुमान रहेको छ ।

**यस होटलको कारोबारलाई असर पार्ने कुराहरु निम्न प्रकारका छन् :**

१. माहाभूकम्पको कारण अन्तर्राष्ट्रिय वजारमा परेको असर ।
२. नाकावन्दीवाट देशमा उत्पन्न अशहज परिस्थिति ।
३. मुलुकको विद्यमान राजनैतिक परिस्थिति ।
४. अन्तर्राष्ट्रिय स्तरको पर्यटक संख्यामा वृद्धि नहुनु तथा पर्यटकहरुको दैनिक खर्च सरदर रुपमा कमहुनु ।
५. होटेल व्यवसायमा तीव्र गतिले बढी रहेको प्रतिस्पर्धा ।
६. बढ्दो विद्युत लोडसेडिङ ।
७. नेपाल विश्वमा नै पर्यटक हिसाबले धेरै सम्भावना बोकेको देश भएता पनि यहाँका सरकारी निकायबाट यसको प्रभावकारी सम्वर्द्धन गरी नीति निर्माण गर्न नसक्नु ।

**ज) लेखापरीक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेख भएको भए सो उपर सञ्चालक समितिको प्रतिक्रिया :**

लेखापरीक्षक प्रतिवेदनमा कम्पनीलाई असर पर्ने कुनै कैफियत उल्लेख भएको छैन ।

**झ) लाभांश बाँडफाँड गर्न सिफारिस गरिएको रकम :**

छैन ।

**ञ) शेयर जफत भएको भए जफत भएको शेयर संख्या, त्यस्तो शेयरको अंकित मूल्य, त्योस्तो शेयर जफत हुनुभन्दा अगावै सो बापत कम्पनीले प्राप्त गरेको जम्मा रकम र त्यस्तो शेयर जफत भएपछि सो शेयर बिक्री गरी कम्पनीले प्राप्त गरेको रकम तथा जफत भएको शेयरबापत रकम फिर्ता गरेको भए सोको विवरण :**

प्रतिवेदन अवधिमा होटलले कुनै शेयरहरु जफत गरेको छैन ।

**ट) विगत आर्थिक वर्षमा कम्पनी र यसको सहायक कम्पनीको कारोबारको प्रगति र सो आर्थिक वर्षको अन्त्यमा रहेको स्थितिको पूनरावलोकन :**

छैन ।

**ठ) कम्पनी तथा त्यसको सहायक कम्पनीले आर्थिक वर्षमा सम्पन्न गरेका प्रमुख कारोबारहरु र सो अवधिमा कम्पनीको कारोबारमा आएका महत्वपूर्ण परिवर्तन :**

छैन ।

**ड) विगत आ.व.मा कम्पनीको आधारभूत शेयरधनीहरुले कम्पनीलाई उपलब्ध गराएको जानकारी :**

हालसम्म यस्तो कुनै जानकारी कम्पनीलाई प्राप्त हुन नआएको ।

**ढ) विगत आर्थिक वर्षमा कम्पनीका संचालक तथा पदाधिकारीहरुले लिएका शेयर स्वामित्वक विवरण र कम्पनीको शेयर कारोवारमा निजहरु सलंग्न रहेको भए सो सम्बन्धमा निजहरुबाट कम्पनीले प्राप्त गरेको जानकारी**

यस्तो कुनै जानकारी संचालक तथा पदाधिकारीहरुबाट कम्पनीलाई प्राप्त हुन नआएको ।

**ण) कम्पनीसँग सम्बन्धित सम्झौताहरुमा कुनै सञ्चालक तथा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थको बारेमा उपलब्ध गराईएको जानकारीको व्यहोरा :**

यस सम्बन्धी कुनै जानकारी सञ्चालकबाट कम्पनीलाई हालसम्म प्राप्त हुन आएको छैन ।

**त) कम्पनीले आफ्नो शेयर आफैले खरिद गरेको भए त्यसरी आफ्नो शेयर खरिद गर्नुका कारण, त्यस्तो शेयरको संख्या र अंकित मूल्य तथा त्यसरी खरिद गरेवापत कम्पनीले भुक्तानी गरेको रकम :**

हालसम्म होटलले आफ्नो शेयर आफैले खरीद गरेको छैन ।

**थ) आन्तरिक नियन्त्रण प्रणालीको विस्तृत विवरण :**

विश्व प्रसिद्ध होटल सञ्चालक हायात इन्टरनेशनलद्वारा संचालित यस होटलले अन्तर्राष्ट्रियस्तरको आन्तरिक नियन्त्रण प्रणाली अपनाई आएको छ ।

होटल सञ्चालनको जिम्मेवारी अन्तर्राष्ट्रिय होटल सञ्चालन गर्ने संस्था "हायात इन्टरनेशनल" लाई दिइएको हुनाले विश्वभरी सञ्चालनमा रहेको आफ्ना होटलहरुमा प्रयोग गर्ने अन्तर्राष्ट्रिय स्तरको आन्तरिक नियन्त्रण प्रणाली यस होटलमा पनि लागु गरेको छ ।

यसका अतिरिक्त होटलले आन्तरिक नियन्त्रणको लागि कर्मचारी नियमावली, आर्थिक प्रशासन नियमावली, लगायत प्रचलित ऐन, कानुन तथा नेपाल पर्यटन विभागबाट प्राप्त निर्देशनको अधीनमा रही कार्य गर्दै आईरहेको छ ।

कम्पनीमा निम्न उल्लेखित आन्तरिक नियन्त्रण प्रणालीहरु क्रियाशिल छन् :

१) हायात इन्टरनेशनलबाट निर्देशित अन्तर्राष्ट्रिय निर्देशनहरुलाई परिपालन गर्नु ।
२) आर्थिक नीति तथा लेखा सम्बन्धी निर्देशिकाहरु परिपालना गर्नु ।
३) प्रत्येक महिना हायात इन्टरनेशनललाई आन्तरिक अनुगमन एवं नियन्त्रण प्रणाली अन्तर्गत बिभिन्न प्रतिवेदनहरु बुझाउनु ।
४) व्यस्थापन तथा लेखा परिक्षण समितिद्वारा आन्तरिक लेखापरीक्षण प्रणालीको आवधिक पुनरावलोकन गर्नु ।
५) प्रत्येक विभागहरुका **Standard Operating Procedure** पालना गर्नु ।

**द) गत वर्षको कुल व्यवस्थापन खर्चको विवरण :**

होटलको गत आर्थिक वर्ष २०७१/०७२ मा भएको कुल व्यवस्थापन खर्च निम्न बमोजिम रहेको छ :

| विवरण | आ.व. २०७१/७२ | आ.व. २०७०/७१ |
|---|---|---|
| कर्मचारी खर्च | रु. २०,०८,३३,७७३ | रु. १९,७८,७८,५२८ |
| प्रशासकिय तथा व्यवस्थापन खर्च | रु. ३६,००,१७,७२६ | रु. ३८,६६,२९,४१५ |
| बिक्री तथा व्यवस्थापन खर्च | रु. १३,१०,८९,४५० | रु. ११,२२,८८,२९९ |
| **जम्मा** | **रु. ६९,१९,४०,९४९** | **रु. ६९,६७,९६,२४२** |

गत वर्षको तुलनामा यस बर्षको कुल व्यवस्थापन खर्च १% ले घटेको कुरा अवगत गराउँदछु ।

**ध) लेखापरीक्षण समितिका सदस्यहरुको नामावली, निजहरुले प्राप्त गरेको पारिश्रमिक, भत्ता तथा सुविधा, सो समितिले गरेको काम कारवाहीको विवरण र सो समितिले कुनै सुझाव दिएको भए सो को विवरण :**

**१. होटलको लेखापरीक्षण समिति सदस्यको नाम तथा पारिश्रमिक :**

| पद | सञ्चालकको पुरा नाम | भत्ता वापत प्रदान गरिएको रकम |
|---|---|---|
| अध्यक्ष | श्री राजेशलाल श्रेष्ठ | रु. ५,८८२।– |
| सदस्य | श्रीमती कमलादेवी श्रेष्ठ | रु. ५,८८२।– |
| सदस्य | श्री उमेश सराफ | रु. ५,८८२।– |
| | **जम्मा** | **रु. १७,६४६।–** |

उपरोक्त बैठक भत्ता बाहेक लेखापरीक्षण समितिका सदस्यहरुलाई अन्य केही सुबिधा नदिइएको ।

**२. लेखापरीक्षण समितिले गरेको काम कारवाहीको विवरण :**

लेखापरीक्षण समितिले लेखापरीक्षकबाट प्राप्त प्रतिवेदनको विस्तृत रुपमा अध्ययन गरी होटलको वित्तीय स्थिति, आन्तरिक नियन्त्रण प्रणाली, जोखिम व्यवस्थापन, ऐन/नियम र निर्देशनको पालना आदि विषयहरुमा अनुगमन गरी सञ्चालक समितिलाई सुधारको लागि सुझाव पेश गर्ने गरिएको छ । साथै उक्त समितिको बैठकमा विभिन्न विषयमा विस्तृत जानकारी प्राप्त गर्नको लागि आवश्यकता अनुसार होटलका पदाधिकारीहरुलाई समेत आमन्त्रण गर्ने गरिएको छ। प्रत्येक बैठकमा सहभागीहरुमध्ये सञ्चालकलाई मात्र भत्ता वापत रु. ५,८८२।- सञ्चालक सरह बैठक भत्ता प्रदान गरिदै आएको छ ।

**३. लेखापरीक्षण समितिले सुझाव दिएको भए सो विवरण :**

लेखापरीक्षण समितिले कम्पनीको लेखापरीक्षकको नियुक्तिको लागि कम्पनी ऐन २०६३ को दफा १६५ को उपदफा (छ) बमोजिम आर्थिक वर्ष २०७२/०७३ को लागि लेखापरीक्षक नियुक्ति गर्ने प्रावधान अनुसार आ.व. २०७२/०७३ को लेखापरिक्षण गर्नको लागि हालका लेखा परीक्षक बि. के. अग्रवाल एण्ड कम्पनीका श्री बि. के. अग्रवालज्यू नियुक्तीको लागि योग्य भएको हुनाले आगामी आ.व. को लागि निजलाईलाई रु. १,००,०००/- पारिश्रमिकमा कम्पनीको लेखापरीक्षक नियुक्ति गर्न लेखापरीक्षण समितिको सुझाव रहेको छ ।

**न) सञ्चालक, प्रबन्ध सञ्चालक, कम्पनीका आधारभुत शेयरधनी वा निजको नजिकका नातेदार वा निज संलग्न रहेको फर्म, कम्पनी वा संगठित संस्थाले कम्पनीलाई कुनै रकम बुझाउन बाँकी भए सो कुरा :**

नभएको ।

**प) सञ्चालक, प्रबन्ध सञ्चालक तथा पदाधिकारीहरुलाई आ.व २०७१/७२ मा भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधा रकम :**

होटलको सञ्चालक समितिको बैठक बस्दा प्रति बैठक अध्यक्ष र सदस्यलाई समान रुपमा रु. ५,८८२/- बैठक भत्ता प्रदान गरिन्छ । यस आ.व. मा कर वाहेक प्रबन्ध संचालक श्री अरुण कुमार सराफज्यूलाई रु. ३९,९७,५००/- र कार्यकारी संचालक श्री सुरेशलाल श्रेष्ठज्यूलाई २६,५५,७५०/- प्रारिश्रमिक भुक्तानी गरिएको छ साथै गाडी तथा इन्धन सुविधा पनि प्रदान गरिएको छ ।

अन्य पदाधिकारीहरुलाई कर सहित तलव रु. ५,५२,२५,८८७/- र भत्ता तथा सुबिधा रु १,५५,३७,९९५/- गरी जम्मा रु ७,०७,६३,८८२/- भुक्तानी गरिएको छ ।

**फ) शेयरधनीहरुले बुझिलिन बाँकी रहेको लाभांशको रकम :**

हालसम्म लाभांश वितरण भएको छैन ।

**ब) विदेशी तथा स्वदेशी बैंक तथा वित्तीय संस्थाबाट लिएको ऋण र बुझाउन बाँकी रहेको २०७२ आषाढ मसान्तको साँवा तथा ब्याज रकम :**

छैन ।

**भ) दफा १४१ बमोजिम सम्पत्ति खरीद वा बिक्री गरेको विवरण :**

कम्पनीले यस आ.व. २०७१।२०७२ मा रु ३१,३२,२२३/- को एउटा सवारी साधन खरिद गरेको कुरा जानकारीको को लागि अनुरोध छ ।

**म) दफा १७५ बमोजिम सम्बद्ध कम्पनी बीच भएको कारोबारको विवरण :**

छैन ।

**य) कम्पनी ऐन तथा प्रचलित कानून बमोजिम सञ्चालक समितिको प्रतिवेदनमा खुलाउनु पर्ने अन्य कुनै कुरा :**

नभएको ।

**र) अन्य आवश्यक कुराहरु :**

नेपाल सरकार सांस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयद्वारा नेपालको पर्यटन, व्यापार र वाणिज्य क्षेत्रको प्रवर्द्धन तथा विकासको लागि नेपालमा संचालित होटलहरुमध्ये आर्थिक वर्ष २०७१।०७२ मा सबैभन्दा बढी विदेशी मुद्रा आर्जन गरी नेपालको पर्यटन क्षेत्रमा विशेष योगदान पुऱ्याएकोले ३६ औं विश्व पर्यटन दिवस (२७ सेप्टेम्बर, २०१५) को उपलक्ष्यमा यस होटललाई सम्मान स्वरूप प्रसंसा पत्र प्रदान गरिएको छ ।

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०६५ को अनुसुची-१३ (नियम २२ को उपनियम (१) सँग सम्बन्धित) अन्य विवरणहरु :**

**कानुनी कारवाही सम्बन्धी विवरण :**

(क) यस अवधिमा कम्पनीले कुनै मुद्दा दायर नगरेको र कम्पनीको विरुद्ध ३ वटा मुद्दा दायर भएको सूचना प्राप्त भएको कुरा जानकारी गराउँदछौं ।

(ख) यस होटलका संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध सम्बन्धमा कुनै मुद्दा दायर नभएको ।

(ग) होटलको कुनै पनि संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध सम्बन्धी कुनै मुद्दा नभएको ।

**संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण :**

(क) नेपाल धितोपत्र बजारमा यस संस्थाको शेयर कारोबारमा बजारले प्रतिपादित गरेको मूल्य तथा मान्यता अनुरुप नै हुने गरेको ।

(ख) गत वर्षको प्रत्येक त्रैमासिक अवधिमा संगठित संस्थाको शेयरको अधिकतम, न्यूनतम र अन्तिम मूल्यका साथै कूल कारोबार शेयर संख्या र कारोबार दिन ।

समीक्षा अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कुल कारोबार भएको दिन तथा कारोबार संख्या नेपाल स्टक एक्सचेन्जको वेवसाइट **www.nepalstock.com.np** अनुसार निम्न बमोजिम छ:

| महिना | अधिकतम मुल्य (रु.) | न्यूनतम मुल्य (रु.) | अन्तिम मुल्य (रु.) | कुल दिन | कुल कारोबार शेयर संख्या |
|---|---|---|---|---|---|
| आश्विन २०७१ | ३०१ | २२६ | २९५ | ४३ | ६७९६६ |
| पौष २०७१ | २९५ | २५९ | २६७ | ५० | ८७४६० |
| चैत्र २०७१ | २९५ | २५९ | २६७ | ५३ | २१४२१० |
| आषाढ २०७२ | २७१ | २४० | २५२ | १२ | १४५७० |

**समस्या तथा चुनौती :**

माहाभूकम्प र त्यसपछि निरन्तर आइरहेको पराकम्पनहरुको कारणले उत्पन्न भएको भयावह परिस्थितिले पर्यटकहरुको आगमनमा भएको कमि, निरन्तर चलिरहेको लोडसेडिङ्ग आदि समस्या तथा चुनौतिको रुपमा देखापरेको छ । काबुभन्दा बाहिरको परिस्थिति वाहेक उपरोक्त चुनौति तथा समस्या समाधान गर्ने, ग्राहकमुखी गुणस्तरीय सेवा सुविधा प्रदान गर्ने, बजार व्यवस्थापन र प्रवर्द्धन गर्ने, मध्यस्तरको पाहुनालाई आकर्षित गर्ने रणनीति बनाई मुनाफा अझै वृद्धि गरी यस कम्पनीलाई आर्थिक रुपमा सवल बनाई चाडो भन्दा चाडो साधारण शेयरधनीहरुलाई प्रतिफल उपलब्ध गराउने लक्ष्य रहेको छ ।

**संस्थागत सुशासन :**

**संस्थागत सुशासन अभिवृद्धिका लागि व्यवस्थापनद्वारा चालिएका कदमहरुको विवरण :-**

(क) कम्पनी तथा हायात इन्टरनेशनल होटेल्स समूहको आन्तरिक नियन्त्रण प्रणाली, नीति निर्देशिका, कार्यविधिहरु, नियमहरु र सम्बन्धित ऐन, कानुनका प्रावधानहरुको परिपालना ।

(ख) कम्पनीका संचालक समिति र त्यसका समितिहरुको नियमित रुपमा बस्ने बैठकहरु ।

(ग) नियमनकारी निकायहरु कम्पनी रजिष्ट्रार कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्चेन्ज लि., सीडीएस एण्ड किलियरिंग लि., नेपाल राष्ट्र बैंक तथा नागरिक उड्डयन मन्त्रालय आदिबाट जारि गरिएका नियम, विनियम, निर्देशनहरुको पूर्ण परिपालना गरिएको छ ।

(घ) आन्तरिक नियन्त्रण प्रणालीलाई व्यवस्थित गर्न आन्तरिक लेखापरीक्षणबाट नियमित रुपमा लेखापरीक्षण गराई प्रतिवेदनमा दिएका सुझावहरु कार्यान्वयन तथा समीक्षा गर्न लेखापरीक्षण समितिको बैठक बस्ने गरेको छ ।

(ङ) सञ्चालक समिति, पदपूर्ति तथा बढुवा समिति, लेखापरीक्षण समिति लगायतका विभिन्न समितिहरु क्रियाशील छन् ।

(च) सञ्चालन जोखिमहरु कम गर्न तथा कारोबारलाई व्यवस्थित गर्न विभिन्न आन्तरिक नीति, नियमहरु लागु गरिएको छ ।

**र) धन्यवाद ज्ञापन :**

यस होटलको १९औं वार्षिक साधारण सभामा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहभागिता जनाई यस कम्पनीको उत्तरोत्तर प्रगति एवं समृद्धिको लागि आवश्यक सरसल्लाह तथा सुझाव दिनु भएकोमा हाम्रा सम्पूर्ण शेयरधनी महानुभावहरु लगायत नेपाल सरकार, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, नेपाल पर्यटन बोर्ड, होटल संघ नेपाल, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज, सि.डि.एस एण्ड क्लियरिङ्ग लि. आदिबाट प्राप्त नीति निर्देशन होटलको विकासको लागि सदैव मार्ग निर्देशनको रुपमा रहने भएकोले वहाँहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । त्यस्तै होटललाई आजको अवस्थामा पुऱ्याउन सहयोग गर्ने स्वदेशी तथा विदेशी संघ संस्थाहरु, होटललाई ऋण प्रदान गर्ने स्वदेशी तथा विदेशी बैंक तथा वित्तीय संस्थाहरु, आन्तरिक र वाह्य लेखापरीक्षक, कानूनी सल्लाहकार, पत्रकार मित्रहरु, तथा अन्य सम्वद्ध संघ संस्था एवम् सम्पूर्ण ग्राहकवर्ग महानुभावहरुमा हार्दिक कृतज्ञता व्यक्त गर्दछु । सञ्चालक समितिका सदस्यहरुबाट प्राप्त मार्गदर्शनका लागि पनि हार्दिक कृतज्ञता व्यक्त गर्दै आगामी दिनमा होटलको उत्तरोत्तर प्रगति तथा उन्नतिको लागि अझै रचनात्मक एवं अमूल्य सुझाव तथा योगदानको अपेक्षा राखेको छु । होटलमा कार्यरत सम्पूर्ण व्यवस्थापक, कर्मचारी तथा कामदारहरुलाई वहाँहरुको कर्तव्यनिष्ठता, लगनशीलता ईमान्दारीता एवम् निरन्तर रुपमा गरेको अथक परिश्रमको सह्राना गर्दै हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

धन्यवाद ।

मिति : १४ मार्ग, २०७२

सञ्चालक समितिको तर्फबाट
**राधेश्याम सराफ**
अध्यक्ष

कार्यकारी सञ्चालक सञ्चालक

Crowe Horwath

B.K. Agrawal & Co.
Chartered Accountants
Member Crowe Horwath International

Saraswati Vatika
122 Pannahiti Marg, Sifal Ward No. 7
P.O. Box 3761, Kathmandu, Nepal
T: +977 1 4481865, 4467694
F: +977 1 4480065
E: bkag@crowehorwath.com.np
E: bkag@wlink.com.np
W: www.crowehorwath.net/np

## तारागाउँ रिजेन्सी होटेल्स लिमिटेडका
## शेयरधनी महानुभावहरु समक्ष
## स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

**वित्तिय विवरण माथी प्रतिवेदन :**

हामीले श्री तारागाउँ रिजेन्सी होटेल्स लिमिटेडको यसै साथ संलग्न ३१ आषाढ २०७२ (जुलाई १६, २०१५) को वासलात, सोहि मितिमा समाप्त भएको वर्षको नाफा नोक्सान हिसाब, इक्विटीमा भएको परिवर्तनको विवरण र नगद प्रवाह विवरण एवं प्रमुख लेखा नीतिहरु तथा लेखा सम्वन्धि टिप्पणीहरुको लेखा परिक्षण सम्पन्न गरेका छौ ।

**वित्तिय विवरणहरुप्रतिको व्यवस्थापनको उत्तरदायित्व :**

प्रचलित कानुनको अधिनमा रही नेपाल वित्तीय प्रतिवेदन मान अनुसार यी वित्तिय विवरणहरु तयार गर्ने तथा सहि प्रस्तुतीकरण गर्ने उत्तरदायित्व व्यस्थापनको रहेको छ । यी दायित्व अन्तर्गत जालसाजी वा त्रुटिबाट हुनसक्ने सारभूत रुपमा त्रुटिपूर्ण रहित वित्तिय विवरण तयार गर्न तथा प्रस्तुत गर्न आवश्यक आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा, कार्यान्वयन तथा संचालन गर्ने, उपयुक्त लेखा नीतिको छनौट एवं प्रयोग तथा परिस्थिति अनुरुप उचित लेखा अनुमानको प्रयोग पनि समावेश हुन्छ ।

**लेखा परिक्षकको उत्तरदायित्व :**

लेखापरिक्षणको आधारमा वित्तिय विवरणहरु उपर मन्तव्य व्यक्त गर्नु हाम्रो उत्तरदायीत्व हो । हामीले हाम्रो लेखा परिक्षण नेपाल लेखापरिक्षण मान वमोजिम सम्पन्न गरेका छौ । ती मानले हामिलाई व्यावसायिक नैतिकताको पालना गर्ने तथा वितिय विवरणहरु सारभूत रुपमा त्रुटि रहित भएको बारेमा मनासिव आश्वासन प्राप्त गर्न लेखापरिक्षणको योजना बनाउन र लेखापरिक्षण सम्पन्न गर्न अनिवार्य गराउछन् ।

लेखापरिक्षण अन्तर्गत वितिय विवरणमा प्रदर्शित रकम एवं अन्य विवरणहरुको पुस्टयाई गर्ने प्रमाणको नमुना परिक्षण गरिन्छ । नमुना परिक्षण हाम्रो विवेक तथा जालसाजी वा त्रुटिका कारणले वित्तिय विवरणहरुमा हुने सारभूत त्रुटिको जोखिमको आंकलनमा भर पर्दछ । जोखिमको आंकलन गर्दा संस्थाका वित्तिय विवरणहरुको तयारी एवं उचित प्रस्तुति सम्बद्ध आन्तरिक नियन्त्रण विश्लेषण गरि परिस्थितिजन्य लेखापरीक्षणका कार्यविधिहरु तजुर्मा गर्छौं । यी लेखापरीक्षणका कार्यवधिहरु संस्थाको आन्तरिक नियन्त्रणको प्रभावकारितामा राय प्रकट गर्ने प्रयोजनका लागि भने होइनन । व्यवस्थापनले आव्लंबन गरेका लेखा सिद्धान्त तथा गरिएका महत्वपूर्ण अनुमानहरु एवं वितिय विवरण प्रस्तुतिको समग्र स्थितिको मुल्यांकन गर्नु पनि लेखापरीक्षण अन्तर्गत पर्दछ । लेखापरीक्षणले हाम्रो रायलाइ पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौ ।

क्रमशः

B.K. Agrawal & Co.
*Chartered Accountants*

कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानूनले तोकेका कुराहरु उपरको प्रतिवेदन :

क) हामीले लेखापरीक्षणको सिलसिलामा आवश्यक ठानी सोधनी तथा कैफियत तलब गरेका कुराहरुको जवाफ एवं स्पस्टिकरण सन्तोषजनक पायौ, जुन हाम्रो ज्ञान र विश्वासमा लेखापरीक्षणका लागि आवश्यक थियो ।

ख) हाम्रो रायमा प्रस्तुत वितिय विवरणरु कम्पनी ले राखेको लेखासंग दुरुस्त छन् र तिनीहरु प्रचलित कानुन वमोजिम तयार भएका छन् ।

ग) हाम्रो रायमा यस प्रतिवेदन संग सम्वद्ध वासलात, नाफा नोक्सान हिसाब, इक्विटीमा भएको परिवर्तनको विवरण र नगद प्रवाह विवरण एवं प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धि टिप्पणीहरु कम्पनी एन २०६३ ले तोके बमोजिम तयार भएको छ र कम्पनीले राखेको लेखासंग दुरुस्त रहेको छ ।

घ) हाम्रो रायमा हामिले गरेको लेखापरीक्षणको आधारमा कम्पनीले आफ्नो कारोबार सन्तोषजनक गरेको छ ।

ङ) हामीलाई प्राप्त जानकारी र हामीलाई दिइएको स्पस्टिकरण र हामीले परिक्षण गरेका श्रेस्ताबाट संचालक समिति वा सदस्य अथवा कुनै पदाधिकारीले लेखा सम्बन्धी कानुनी व्यवस्थाहरु विपरित कार्य गरेको वा अनियमितता गरेको वा कम्पनीलाई हानी नोक्सानी गरे गराएको वा लेखा सम्बन्धी कुनै जालसाजी गरेको जानकारी हुन आएन ।

लेखापरीक्षकको राय :

हाम्रो रायमा कम्पनीको वितिय विवरणहरु, अघिल्लो अनुसूचीमा उल्लेख गरिएका विषयहरुबाट पर्नसक्ने प्रभाव बाहेक यसै साथ संलग्न लेखा सम्बन्धि टिप्पणीहरुको समेत अध्ययन गर्दा ३१ आषाढ २०७२ (जुलाई १६, २०१५) आर्थिक अवस्था, तथा उक्त अवधिको वित्तिय कारोवार, इक्विटी मा भएको परिवर्तन र नगद प्रवाह नेपाल वित्तीय प्रतिवेदन मान अनुरुप समुचित तथा यथार्त चित्रण गर्दछ तथा उक्त वित्तिय विवरणहरु कम्पनी एन २०६३ अनुरुप रहेका छन ।

नि:बि.के. अग्रवाल एण्ड कं.
चाटंर्ड एकाउन्टेन्ट्स

सिए. बि.के. अग्रवाल
प्रबन्ध साझेदार

स्थान: काठमाडौं
मितिः- १४ मार्ग २०७२

# २०७२ आषाढ ३१ गतेको
# वित्तीय अवस्थाको विवरण

| विवरण | टिप्पणीहरु | २०७२ आषाढ ३१ गतेको (रू.) | २०७१ आषाढ ३२ गतेको (रु.) |
|---|---|---|---|
| **सम्पत्ति** | | | |
| **गैर चालु सम्पत्तिः** | | | |
| सम्पत्ति, मेशिन तथा यन्त्र उपकरणहरु | ३.१ | २,१९,२८,९५,७३७ | २,२९,८६,९१,९८१ |
| अदृश्य सम्पत्ति | ३.२ | १,३५,६४० | १७,७३,१९६ |
| **जम्मा गैर चालु सम्पतिः** | | **२.१९.३०.३१.३७७** | **२.३०.०४.६५.१७७** |
| **चालु सम्पतिः** | | | |
| जिन्सी मौज्दात | ३.३ | १,४७,९०,२२७ | १,६३,३५,४२९ |
| पाउनु पर्ने आयकर | | ६,६२,६२,२७० | २,४६,३१,७२१ |
| व्यापारिक तथा अन्य प्राप्य रकम | ३.४ | १३,००,९१,४९५ | १४,६०,१९,१११ |
| नगद तथा नगद सरह | ३.५ | २९,४५,८८,००३ | २३,९९,६४,५०७ |
| **जम्मा चालु सम्पतिः** | | **५०.५७.३१.९९५** | **४२.६९.५०.७६९** |
| **जम्मा सम्पतिः** | | **२.६९.८७.६३.३७२** | **२.७२.७४.१५.९४६** |
| **पुंजी तथा दायित्व** | | | |
| **पुंजीः** | | | |
| शेयर पूंजी | ३.६ | १,८८,६६,५४,००० | १८,८,६५,४७,००० |
| सञ्चित | ३.७ | (२७,६९,२६,८१७) | (४४,१२,४७,६४०) |
| **जम्मा पुंजीः** | | **१.६०.९७.२७.१८३** | **१.४४.५२.९९.३६०** |
| **दायित्वः** | | | |
| **गैर चालु दायित्वः** | | | |
| ऋण तथा सापटीहरु | ३.१० | – | २८,८६,४०,००० |
| कर्मचारी सुविधाहरु | ३.८ | ३,५४,२२,९७८ | ३,२५,७७,५०९ |
| व्यवस्थाहरु | ३.९ | १४,८४,७७,९२५ | १३,६७,४७,६८५ |
| परसारिएको कर दायित्व | ३.११ | १५,३७,३३,६१४ | १८,१९,५३,९०८ |
| **जम्मा गैर चालु दायित्वः** | | **३३.७६.३४.५१७** | **६३.९९.१९.१०२** |
| **चालु दायित्वः** | | | |
| ऋण तथा सापटीहरु | ३.१० | ८,७२,०१,१२८ | २,८२,२०,००० |
| व्यापारिक तथा अन्य तिर्नुपर्ने | ३.१२ | ४९,२८,२६,२९० | ५२,३९,३२,८४७ |
| आयकर दायित्व | | ६,८५,९४,३११ | २,०८,२५,८३९ |
| कर्मचारी सुविधाहरु | ३.१३ | ३,४२,१८,४८३ | ३,९६,८१,५०७ |
| व्यवस्थाहरु | ३.१४ | ६,८५,६१,४६१ | २,९५,३७,२९० |
| **जम्मा चालु दायित्वः** | | **७५.१४.०१.६७१** | **६४.२१.९७.४८३** |
| **जम्मा दायित्वः** | | **१.०८.९०.३६.१८९** | **१.२८.२१.१६.५८६** |
| **जम्मा पुंजी तथा दायित्व** | | **२.६९.८७.६३.३७२** | **२.७२.७४.१५.९४६** |

प्रमुख लेखा नीति तथा टिप्पणीहरुको साराशं २ देखि ३.१९

हाम्रो सोहि मितिको संलग्न प्रतिवेदन अनूसार

सञ्चालक समितिको निमित्त

**द. वि.के. अग्रवाल**
प्रबन्ध साझेदार
**वि.के. अग्रवाल एण्ड कम्पनी**
चार्टर्ड एकाउन्टेन्टस्

**कार्यकारी सञ्चालक**
द.सुरेश लाल श्रेष्ठ

**प्रबन्ध सञ्चालक**
द.अरुण कुमार सराफ

**अध्यक्ष**
द.राधेश्याम सराफ

**सञ्चालकहरु**
द.राजेश लाल श्रेष्ठ द.साधूराम सापकोटा द.बरुण सराफ द.कमला देवी श्रेष्ठ
द.दिजा श्रेष्ठ द.श्रीवत्स शमशेर राणा द.इन्द्र प्रसाद राजभण्डारी द. उमेश सराफ

**कम्पनी सचिव**
सुजित कुमार झा

# २०७२ आषाढ ३१ गतेको
# नाफा तथा नोक्सानको विवरण

| विवरण | टिप्पणीहरु | २०७२ आषाढ ३१ गतेको (रू.) | २०७१ आषाढ ३२ गतेको (रु.) |
|---|---|---|---|
| सञ्चालनबाट आम्दानी | ३.१५ | ११,६६७,९८,२३६ | १,१९,५६,१०,४२९ |
| बिक्रीको लागत | ३.१६ | (३२,०६,८९,३५८) | (३५,२६,६५,४५७) |
| **कुल नाफा** | | **८४,६१,०८,८७८** | **८४,२९,४४,९७२** |
| कारोबारसँग सम्बन्धित अन्य आम्दानी | ३.१७ | २,४२,२८,२३२ | ५,२२,८५,६६२ |
| ह्रास कट्टी | ३.१ | (१२,७७,३४,५९४) | (१२,८८,७७,९५२) |
| प्रशासकीय तथा साधारण खर्चहरु | ३.१८ | (३९,७८,८१,६८६) | (३८,९५,३०,५४२) |
| अन्य सञ्चालन खर्चहरु | | (९,२३,१५,५६८) | (८,२०,३८,२१७) |
| **सञ्चालनबाट नाफा** | | **२५,२४,०५,२६२** | **२९,४७,८३,९२२** |
| ब्याज तथा वित्तीय खर्च | | (२९,३३,३६०) | (३,९८,००,६५९) |
| सटही दरमा परिवर्तन नाफा/(नोक्सान) | | (१,२२,५३,४६३) | ५२,७१,३०० |
| स्थिर सम्पत्ति विक्रिमा नाफा/(नोक्सान) | | (२६,१३,६३२) | - |
| आवासको व्यवस्था | | (१,१७,३०,२४०) | (१,३०,१२,७२८) |
| बोनसको व्यवस्था | | (२,०२,६१,३२४) | (२,२४,७६,५३१) |
| **आयकर अधिको नाफा** | | **२०,२६,१३,२४२** | **२२,४७,६५,३०४** |
| चालू आयकर | | (६,८५,९४,३११) | (२,०८,२५,८३९) |
| परसारिएको कर | | २,८२,२०,२९४ | ८५,६०,२१७ |
| **आयकर पछिको नाफा सञ्चित हिसावमा सारेको** | | **१६,२२,३९,२२५** | **२१,२४,९९,६८२** |
| **प्रति शेयर आम्दानी** | | **८।६०** | **११।२६** |

प्रमुख लेखा नीति तथा टिप्पणीहरुको साराशं २ देखि ३.१९

सञ्चालक समितिको निमित्त

हाम्रो सोहि मितिको संलग्न प्रतिवेदन अनूसार

**द. वि.के. अग्रवाल**
प्रबन्ध साझेदार
**वि.के. अग्रवाल एण्ड कम्पनी**
चार्टर्ड एकाउन्टेन्टस्

**कार्यकारी सञ्चालक**
द.सुरेश लाल श्रेष्ठ

**प्रबन्ध सञ्चालक**
द.अरुण कुमार सराफ

**अध्यक्ष**
द.राधेश्याम सराफ

**सञ्चालकहरु**
द.राजेश लाल श्रेष्ठ द.साधूराम सापकोटा द.बरुण सराफ द.कमला देवी श्रेष्ठ
द.दिजा श्रेष्ठ द.श्रीवत्स शमशेर राणा द.इन्द्र प्रसाद राजभण्डारी द. उमेश सराफ

**कम्पनी सचिव**
सुजित कुमार झा

# २०७२ आषाढ ३१ गतेको
# नगद प्रवाह विवरण

रकम रु मा

| विवरण | आ.व. २०७१/०७२ | आ.व. २०७०/०७१ |
|---|---|---|
| **क सञ्चालन गतिविधिबाट नगद प्रवाह** | | |
| आयकर पछिको खुद नाफा | १६,२२,३९,२२५ | २१,२४,९९,६८२ |
| **समायोजनः** | | |
| ह्रास कट्टी | १२,७७,३४,५९४ | १२,८८,७७,९५२ |
| ब्याज खर्च | २९,३३,३६० | ३,९८,००,६५९ |
| आवासको व्यवस्था | १,१७,३०,२४० | १,३०,१२,७२८ |
| बोनसको व्यवस्था | २,०२,६१,३२४ | २,२४,७६,५३१ |
| विदेशी मुद्रा सम्पत्ति तथा दायित्वको पुर्नमूल्याङ्कन नाफा/(नोक्सानी) | १२,२,५३,४६३ | (५२,७१,३००) |
| स्थिर सम्पत्ति विक्रिमा नाफा/(नोक्सान) | २६,१३,६३२ | |
| कर समायोजन | ४,०३,७४,०१७ | १,२२,६५,६२२ |
| **कार्यशील पुंजी परिवर्तन अधिको सञ्चालन नगद प्रवाह** | **३८,०१,३९,८५६** | **४२,३६,६१,८७४** |
| जिन्सी मौज्दातमा भएको कमी/(वृद्धि) | १५,४५,२०२ | (१५,८३,३०५) |
| व्यापारिक तथा अन्य प्राप्य रकममा भएको कमी/(वृद्धि) | २,९३,६८,५८३ | (३,८३,३६,२५९) |
| अग्रिम भुक्तानी, पेश्की र धरौटीमा भएको कमी/(वृद्धि) | (७३,०३,०४३) | १,९२,३०,६७२ |
| तिर्न बाँकि रकममा भएको वृद्धि/(कमी) | १,०४,०७,७१६ | (१,७०,७७,८११) |
| **सञ्चालनबाट सृजित नगदः** | **४१,४१,५८,३१४** | **३८,५८,९५,१७१** |
| बोनस भुक्तानी | (२,२१,१८,३४०) | (१,६२,१८,९१०) |
| आयकर भुक्तानी | (६,६५,१२,८९८) | (२,०८,२५,८३९) |
| **सञ्चालन गतिविधिबाट खूद नगद प्रवाह** | **३२,५५,२७,०७७** | **३४,८८,५०,४२३** |
| **ख लगानी गतिविधिबाट नगद प्रवाह** | | |
| स्थिर सम्पत्तिमा थप | (२,५०,०२,७३६) | (५,४३,३९,७७९) |
| स्थिर सम्पत्ति बिक्री/निसर्ग | २०,८८,४९६ | |
| **लगानी गतिविधिबाट खूद नगद प्रवाह** | **(२,२९,१४,२४१)** | **(५,४३,३९,७७९)** |
| **ग वित्तिय गतिविधिबाट नगद प्रवाह** | | |
| स्वदेशी दीर्घकालिन ऋणमा (कमी)/वृद्धि | (१४,११,००,०००) | (२२,९६,४६,८९३) |
| चुक्ता हुन बाँकी शेयरको समायोजन | १,०७,००० | |
| ब्याज भुक्तानी | (१,८४,३७,४६७) | (६,८१,५८,७५३) |
| असुरक्षित ऋणमा (कमी)/वृद्धि | (८,८५,५८,८७२) | - |
| **वित्तिय गतिविधिबाट खूद नगद प्रवाह** | **(२४,७९,८९,३३९)** | **(२९,७८,०५,६४६)** |
| **खूद नगद र सो सरहमा वृद्धि/(कमी)** | **५,४६,२३,४९६** | **(३२,९५,००३)** |
| **बर्षारम्भमा नगद र नगद सरह** | **२३,९९,६४,५०७** | **२४,३२,५९,५१०** |
| **बर्षान्तमा नगद र नगद सरह** | **२९,४५,८८,००३** | **२३,९९,६४,५०७** |
| नगद | १७,६३,८८० | १७,९६,०४४ |
| बैंक | २९,२८,२४,१२३ | २३,८१,६८,४६३ |
| | **२९,४५,८८,००३** | **२३,९९,६४,५०७** |

# आ.व. २०७१/०७२ सालको वार्षिक हिसाबसँग सम्बन्धित अनुसूचीहरु

## ईक्वीटीमा भएको परिवर्तनको विवरण

| विवरण | शेयर पूँजी | शेयर प्रिमियम | पूर्नमुल्याङ्कन जगेडा | सञ्चित नाफा/ (नोक्सान) | साधारण जगेडा | जम्मा (रु.) |
|---|---|---|---|---|---|---|
| वर्षारम्भको मौज्दात | १,८८,६५,४७,००० | | | (४३,९१,६६,०४३) | | १४,४,७३,८०,९५७ |
| तिर्न बांकी समायोजन | १,०७,००० | | | | | १०७,००० |
| **जम्मा** | **१,८८,६६,५४,०००** | – | – | **(४३,९१,६६,०४३)** | – | **१,४४,७४,८७,९५७** |
| यस वर्षको नाफा | | | | १६,२२,३९,२२५ | | १६,२२,३९,२२५ |
| साधारण जगेडामा सारेको | | | | | | |
| शेयरधनीहरुलाई लाभांश | | | | | | |
| नयाँ शेयर जारी | | | | | | |
| **वर्षान्तको मौज्दात** | **१,८८,६६,५४,०००** | – | – | **(२७,६९,२६,८१८)** | – | **१,६०,९७,२७,१८२** |

# प्रमुख लेखानीतिहरू तथा लेखा सम्बन्धी टिप्पणीहरू

## २०७२ साल आषाढ ३१गते (जुलाई १६, २०१५)

१. **संस्थागत पृष्ठभुमिः**

तारागाउँ रिजेन्सी होटल्स लि.(कम्पनी) नेपालको कम्पनी ऐन अन्तर्गत स्थापना भई नेपाल स्टक एक्सचेञ्जमा सूचिकृत भएको पब्लिक कम्पनी हो । यस कम्पनीको रजिष्टर्ड कार्यालय तथा कारोबार गर्ने मुख्य स्थान काठमाण्डौ महानगरपालिका वडा नं. ६, बौद्ध, काठमाण्डौमा रहेको छ ।

यस कम्पनीले **Hyatt International SEA (Pte) Ltd.** सँग सम्भौता गरी उसको प्राविधिक सहयोगमा होटल व्यवसाय सञ्चालन गर्दै आईरहेको छ ।

२. **प्रमुख लेखा नीतिहरुः**

२.१ **तयारीको आधारः**

२.१.१ **अपनाइएको लेखा विधिः**

यस कम्पनीको वित्तिय विवरणहरु नेपाल वित्तीय प्रतिवेदन मान **(Nepal Financial Reporting Standards)** अनुरुप तयार पारिएको छ । वित्तिय विवरण जारी गर्न सञ्चालक समितिले मिति २०७२/८/१४ मा स्वीकृति प्रदान गऱ्यो ।

२.१.२ **मापनको आधारः**

कम्पनीको वित्तीय विवरण ऐतिहासिक लागत अवधारणा **(Historical Cost Convention)** अनुरुप एक्रुयल आधार **(Accrual Basis)** मा तयार तथा प्रस्तुती गरिएको छ ।

२.१.३ **संवेदनशिल लेखाङ्कन अनुमानः**

कम्पनीको वित्तिय विवरण तयार गर्दा नेपाल वित्तीय प्रतिवेदन मान अनुसार केही सूक्ष्म लेखाङ्कन अनुमान तथा निर्णयहरु गर्नु पर्ने हुन्छ । यसको साथै व्यवस्थापनले पनि लेखा नीतिहरु कार्यान्वयन गर्न बिभिन्न अभ्यास तथा निर्णयहरु गर्नु पर्ने हुन्छ । कम्पनिले भविष्यमा हुने घटनाहरुको सम्बन्धमा केही अनुमान तथा आँकलन गरेको हुन्छ । अनुमान र आँकलनहरु ऐतिहासिक अभ्यास र अन्य तथ्यहरुको आधारमा निरन्तर विकास हुँदै जान्छ । भविष्यमा ति आँकलन तथा अनुमानहरु वास्तविक नतिजा अनुसार फरक हुन सक्छ । यी अनुमान र आकलनका कारणले सम्पत्ति तथा दायित्वको मूल्यमा हुने असर, महत्वपूर्ण जोखिम अनुसार तथा मूख्य समायोजनहरु सम्बन्धी विवरण आगामी आ.व.मा खुलाइनेछ ।

२.१.४ **कार्यात्मक तथा प्रचलनको मुद्राः**

कम्पनीले वित्तीय विवरणहरु नेपाली रुपैयाँमा देखाएको छ जुन कम्पनिको कार्यात्मक तथा प्रचलनको मुद्रा हो ।

२.२ **लेखाङ्कन नीतिहरुः**

वित्तीय विवरण तयार गर्दा अपनाइएको प्रमुख लेखा नीतिहरु तल उल्लेख गरिएका छन् । अन्यथा उल्लेख गरेको बाहेक कम्पनीले लेखा नीति एकरुपताका साथ लागु गर्दै आईरहेको छ र ती नीतिहरु अघिल्ला वर्ष अनुरुप नै छन् । वित्तीय विवरण तयार गर्दा कतिपय अवस्थाहरुमा केही अनुमान र आँकलनको प्रयोग गर्ने गरिन्छ । वित्तीय विवरणहरु तयार गर्दा प्रयोग गरिएका महत्वपूर्ण निर्णय र आँकलनहरु तथा त्यसले पार्ने प्रभावहरुलाई खुलाउनु पर्छ ।

२.२.१ **आँकलनको प्रयोगः**

नेपाल लेखामान अनुसार वित्तीय विवरण तयार गर्दा कतिपय रकमहरु अनुमान र आँकलनमा आधारित हुने हुँदा आ.ब.को अन्त्यमा देखाइएको सम्पत्ति, दायित्व र समावेश गरिएको सांयोगिक दायित्व **(Contingent liabilities)** हरुको रकमहरु र सो आ.ब.का आय र खर्चहरुका रकमहरु फरक हुन सक्छन् । यसरी अनुमानित र वास्तविक रकम बीच कुनै भिन्नता देखिएमा सो भिन्नतालाई पहिचान भएको आ.ब.मा नै लेखाङ्कन गरिन्छ ।

**२.२.२ व्यवसायको निरन्तरता (Going Concern):**

कम्पनीको वित्तिय विवरणहरु व्यवसायको सञ्चालनमा निरन्तरता रहने अवधारणा अनुरुप तयार गरिएको छ ।

**२.२.३ विदेशी मुद्राको कारोबार:**

**शुरुको मुल्याङ्कन:**

व्यवसायको सिलसिलामा भएको विदेशी मुद्राको कारोबारलाई कारोबार भएको मितिको विनिमय दरले स्थानीय मुद्रामा रुपान्तर गरिएको छ ।

**रुपान्तर:**

विदेशी मुद्राको सम्पत्ति तथा दायित्वलाई नियमन गरिएको विनिमय दरले प्राप्त हुँदा वा भुक्तानी गर्दाको समयमा विनिमय दरमा भएको परिवर्तनले आएको सटहि फरक (नाफा वा नोक्सान) लाई सोहि समयमा लेखाङ्कन गर्ने गरिएको छ ।

**विदेशी मुद्रामा आम्दानी:**

सेवा बापतको बिजक जारी गर्दा नेपाली मुद्रामा गर्ने गरिएको छ । सो वापतको रकम विदेशी मुद्रामा प्राप्त भएमा प्राप्त हुँदाको दिनको विनिमय दरले नेपाली मुद्रामा रूपान्तरित गर्ने गरिएको छ । विनिमय दरमा भएको परिवर्तनले आएको सटहि फरक (नाफा वा नोक्सान) लाई बैकबाट भुक्तानी पाए अनुसार गर्ने गरिएको छ ।

**२.२.४ स्थिर सम्पत्ति, मेशिन तथा उपकरण:**

स्थिर सम्पत्तिहरुको हकमा, सो सम्पत्तिको खरिद लागत, निमार्ण लागत वा पूनरमूल्याङ्कन लागतमा, सम्पत्तिको कुनै अवमूल्यन वा सञ्चित ह्रास/अपलेखन कट्टी गरी देखाइएको छ । सम्पत्ति प्रयोगमा ल्याउँदाको दिनसम्मको सम्पत्तिको खरिद वा निर्माण मूल्यमा प्रयोगमा ल्याउन लाग्ने सम्पूर्ण खर्चहरु तथा सम्पत्तिको लागि लिएको ऋणको ब्याज समेत समावेश गरी देखाइएको छ । यदि सम्पत्तिको अवमूल्यन **(Impairment of assets)** गर्नु पर्ने हुँदा कम्पनीले वर्षको अनत्यमा सम्पत्तिको अवमूल्यनको पहिचान गरिन्छ र सो को लेखाङ्कन गरिन्छ ।

**२.२.५ ह्रास कट्टी तथा अपलेखन खर्च:**

जगगामा ह्रास कट्टी गरिएको छैन । निर्माणाधिन अवस्थामा रहेको सम्पत्तिहरुलाई प्रयोगको लागि तयार नभएसम्म र प्रयोग नभएसम्म ह्रास कट्टी गरिएको छैन । थप भएको सम्पत्तिहरुमा खरीद भएको वर्षमा समानुपातिक आधारमा ह्रास कट्टी गरिएको छ । स्थिर सम्पत्तिको ह्रास कट्टी सो सम्पत्तिको अपेक्षित उपयोगिता बर्षलाई आधार मानि सम्पत्तिको मूल्य रहेसम्म ह्रास कट्टी गर्ने गरिएको छ ।

स्थिर सम्पत्तिको ह्रास कट्टीसमदर प्रणाली **(Straight Line Method)** अनुसार गरिएको छ । ह्रास कट्टीको दर अपेक्षित उपयोगिता बर्ष निम्न अनुसार रहेको छ:

| सम्पत्तिको विवरण | ह्रास कट्टीको दर |
|---|---|
| भवन | २.०८% |
| यन्त्र तथा उपकरण | १०.००% |
| फर्निचर तथा कार्यालय सामान | ११.११% |
| कम्प्यूटर | २०.००% |
| सवारी साधन | १०.००% |
| अन्य सम्पत्ति | ११.११% |

पूर्नमूल्यांकनको समयमा संचित ह्रास कट्टीलाई सम्पत्तिको कूल मूल्यबाट हटाई बाँकी मूल्यलाई पूर्नमूल्यांकन रकमको रूपमा प्रस्तुत गरिएको छ । भवनमा बढी भएको ह्रास जुन ऐतिहासिक लागत अवधारणाको आधारमा

निर्धारण गरिएको छ । त्यसलाई पूर्नमूल्यांकन कोषबाट सञ्चित कोषमा सारिएको छ । पूर्नमूल्यांकन गर्दा भएको नाफालाई पूर्नमूल्यांकन कोषमा प्रस्तुत गरिएको छ । सम्पत्तिको बिक्रीका समयमा उक्त कोषलाई नाफा नोक्सान हिसाबमा सारी मिलान गरिने गरिएको छ ।

**पूंजीगत कार्य प्रकृया:**

पूंजीगत कार्य प्रक्रिया भन्नाले सम्पत्ति निर्माणमा लागेको प्रत्यक्ष खर्चहरुलाई जनाउँछ । यसमा ब्याज लगायत सम्पूर्ण निर्माण प्रक्रियामा लाग्ने प्रत्यक्ष खर्चहरुलाई पूंजीगत खर्चको रुपमा निमार्ण लागतमा पूंजीकृत गरिएको छ ।

**२.२.६ पट्टा अन्तर्गतको सम्पत्ति:**

सम्पत्तिको सम्पूर्ण जोखिम तथा आम्दानी हस्तान्तरण हुने गरी प्राप्त भएको सम्पत्तिलाई वित्तीय पट्टा **(Finance Lease)** भनिन्छ । जसमा सम्पत्तिलाई कम्पनीको आफ्नै सम्पत्तिको रुपमा तथा कम्पनीले पट्टामा तिर्न बाचा गरेको रकमलाई दायित्वको रुपमा प्रस्तुत गरिन्छ । पट्टा भुक्तानीलाई साँवा र ब्याजको रुपमा प्रस्तुत गरिन्छ । ब्याज रकमलाई नाफा नोक्सान अन्तर्गत देखाइन्छ भने साँवा रकमलाई पट्टाको वास्तविक दायित्वबाट घटाइ प्रस्तुत गरिन्छ । जुन पट्टामा सम्पत्तिसँग सम्बन्धित जोखिम हस्तान्तरण हुँदैन त्यस पट्टालाई सञ्चालन पट्टा भनिन्छ । यसमा तिर्नु पर्ने कूल भाडा वापतको रकमलाई नाफा नोक्सानमा खर्च देखाइन्छ । पट्टा अन्तर्गतको कुनै पनि आम्दानीलाई भाडा खर्चबाट घटाई प्रस्तुत गरिएको छ ।

**२.२.७ अदृश्य सम्पत्ति:**

**कम्प्युटर सफ्टवेयर**

कम्प्युटर सफ्टवेयर लाइसेन्स खरिदलाई प्रयोगमा ल्याउँदासम्म लाग्ने खर्चहरुलाई समावेश गरी पूँजीकृत गरिएको छ । अपेक्षित उपयोगिता बर्षको आधारमा सो सम्पत्तिको लागतलाई अपलेखन गरी देखाईएको छ ।

**२.२.८ व्यापारिक तथा अन्य प्राप्य (आसामी):**

कम्पनीले असुल गर्नु पर्ने व्यापारिक तथा अन्य रकमहरुमध्ये प्राप्त हुन नसक्ने भनी समूहकृत गरिएको रकमलाई घटाई देखाइएको छ । साथै नउठ्ने आसामीको लागि गरेको व्यवस्थालाई आम्दानी विवरणमा खर्च जनाइएको छ ।

**२.२.९ जिन्सी मौज्दात:**

शुरुमा प्राप्त हुँदा जिन्सी मौज्दातको मूल्याङ्कन लागत मूल्यमा तत्पश्चात लागत मूल्य र खुद प्राप्त हुने मूल्यमध्ये जुन कम हुन्छ सो मूल्यमा मूल्याङ्कन गरी देखाइएको छ । खुद प्राप्ती मूल्य भने अनुमानित बजार मूल्यमा परिवर्तित बिक्रि खर्चहरु कट्टी गरि देखाइएको छ ।

जिन्सी मौज्दातलाई पहिले प्राप्ति पहिले निश्कासन **(First in First Out-FIFO)** विधि वा भारित औसत विधि **(Weighted Average Method)** मा मौज्दात प्राप्त गर्दा र हालको स्थान र अवस्थामा राख्नको लागि भएका खर्चहरु समेत समावेश गरी मूल्याङ्कन गरिएको छ । उत्पादित मौज्दात र कार्य प्रक्रियामा रहेको मौज्दातको सन्दर्भमा सामान्य क्षमतामा सञ्चालन शिरोभार लागतको उचित बाँडफाँड गरी खर्च समावेश गरिएको छ ।

**२.२.१० नगद र नगद सरह:**

नगद र नगद सरह अन्तर्गत वासलातको मितिको नगद, बैंक मौज्दात र अन्य अल्पकालिन उच्च तरल लगानी समावेश छन् । बैंक ओभरड्राफ्ट माग गरेको खण्डमा भुक्तानी हुनुपर्ने र कम्पनीको नगद व्यवस्थापनको अभिन्न अंग भएको हुनाले यसलाई वासलातमा चालू दायित्व भित्र छोटो अवधिको ऋणमा देखाइएको छ ।

**२.२.११ सम्पत्तिको अबमूल्यन:**

प्रत्येक वर्षको अन्त्यमा कम्पनीको सम्पत्ति (लगानी सम्पत्ति, **biological** सम्पत्ति र जिन्सी मौज्दात र पर सारिएको कर बाहेक) मा भएको क्षतिको यकिन गर्ने गरिएको छ । प्रयोगमा नआएको अदृश्य सम्पत्तिको

प्राप्य रकम हरेक वर्षान्तमा अनुमान गरिन्छ । सम्पत्ति अथवा **cash generating units** को **Carrying Amount** असुल हुन सक्ने रकम भन्दा बढी भएमा सम्पत्तिको अवमूल्यन **(Impairment of Assets)** को लेखाङ्कन गरिन्छ । अवमूल्यन **(Impairment of Assets)** को लेखाङ्कन नाफा नोक्सानमा गरिन्छ । प्राप्य रकम **(Recoverable Amount)** भन्नाले सम्पत्तिको खुद विक्रि मुल्य र प्रयोग को मुल्य **(Value in use)** मध्ये जुन बढी हुन्छ सो लाई जनाउँछ ।

**२.२.१२ शेयर पूजीः**

वित्तीय दायित्व तथा वित्तीय सम्पत्तिको परिभाषा भित्र नपर्ने कम्पनीद्वारा जारी गरिएको वित्तीय उपकरणहरुलाई पूँजीको रुपमा वर्गिकरण गरी राखिएको छ । कम्पनीको शेयर पूँजीमा वित्तीय उपकरणहरु पर्दछ ।

अग्राधिकार शेयर पूँजीलाई फिर्ता नहुने र सञ्चालकले छनौट गरेको अनिश्चित लाभांश पाउने अवस्थामा मात्र पूँजीको रुपमा राखिन्छ । अग्राधिकार शेयर पूँजी निश्चित समय पश्चात भुक्तानी हुने हुनाले शेयरधनीको लाभांशलाई नाफा नोक्सान हिसावमा ब्याज खर्च लेखिएको छ ।

**२.२.१३ ऋणको लागतः**

ब्याज सहितको ऋणलाई प्रारम्भिक रुपमा लागतमा प्रस्तुत गरिएको छ । तत्पश्चात ब्याज सहितको ऋणलाई घटेको मूल्यमा देखाईन्छ । लागत र **redemption** मुल्यमा कुनै फरक भएमा सो लाई **effective** ब्याज तरिका अपनाई नाफा नोक्सान अन्तर्गत ऋण अवधिभरि खर्च लेखाङ्कन गरिन्छ ।

**२.२.१४ अवकाश सुविधाः**

कम्पनीले कर्मचारी सञ्चय कोष वापत योगदान गरेको रकमलाई सम्बन्धित वर्षको नाफा नोक्सान हिसावमा खर्च लेखिएको छ । तोकिएको अवधिसम्म सेवारत कर्मचारीहरुलाई सम्बन्धित वर्षको आधारभूत पारिश्रमिकको आधारमा उपदान कोषको ब्यवस्था गरिएको छ र सो रकमलाई नाफा नोक्सान हिसावमा खर्चमा देखाइएको छ ।

**अन्य दिर्धकालिन सेवासुविधाः**

कर्मचारीहरुलाई निश्चित महिनाको पारिश्रमिक सहितको विदाको व्यवस्था वा निश्चित समयको सेवा पश्चात् नगदमा रुपान्तरित गर्ने गरिएको छ तर कर्मचारीले पहिलेनै बिदा लिएमा सो पाउने छैनन ।

**२.२.१५ करः (स्थगन कर समेत)**

स्थगन करले यस वर्षको करयोग्य आय र लेखाङ्कन आय बीचको समयका कारणले भएको अन्तरको **(Timing difference)** प्रभाव साथै अघिल्लो वर्षको समायाङ्कन फरक दर्शाउँछ । स्थगन करको मापन कर मूल्य र प्रचलित कर कानुन अनुसार तयार पारिएको वासलातको मितिमा राखिएको छ । स्थगन कर सम्पत्तिहरुको पहिचान र पुनरावलोकन प्रत्येक वासलातको मिति अनुसार गरिने छ । सो गर्दा उपयुक्त तरिका अनुसार भविष्यका लागि आवश्यक कर आय रकम उपलब्ध हुने गरी स्थगन कर सम्पत्तिको मूल्याङ्कन गरिएको छ । कम्पनीको अघिल्लो वर्षको मिलान गर्न बाँकी घाटा रकम वा कर घाटा हुने अवस्था सृजना भएमा सम्पूर्ण स्थगन कर सम्पत्तिको पहिचान उपयुक्त प्रमाणको आधारमा यकिन गरी भविष्यमा आई पर्ने करयोग्य आयको लागि संकलन गरिनेछ । अघिल्लो वर्ष पहिचान नभएको स्थगन कर सम्पत्तिलाई फेरी मापन गरी पहिचान गरी त्यसको यकिन वासलातमा गरिएको छ । साथै भविष्यका लागि करयुक्त आय उपलब्ध हुने गरी स्थगन कर सम्पत्तिको यकिन गरिएको छ ।

**२.२.१६ व्यापारिक तथा अन्य तिर्नुपर्ने दायित्वः**

व्यापारिक तथा अन्य तिर्नुपर्ने दायित्वलाई लागत मूल्यमा देखाइएको छ ।

**२.२.१७ व्यवस्था (Provisions) तथा संभावित दायित्व (Contingent Liabilities):**

विगतको घटनाको परिणामले हाल कम्पनीको दायित्व सृजना हुन्छ जसको कारणले स्रोत साधनको वहिर्गमनको सम्भावना बढ्न जान्छ, जुन दायित्वको भरपर्दो अनुमान गर्न सकिन्छ, त्यस्ता दायित्वको व्यवस्था गरिएको

छ। व्यवस्था गरिएको रकमहरुलाई हालको मूल्य अनुसार समायोजन गरिएको छैन तर वर्षान्तको वासलातमा दायित्वको निर्धारण गर्न पूनर्मूल्याङ्कन गरिएको र आवश्यक भरपर्दो अनुमानलाई आधार मानिएको छ।

भविष्यमा संभावित दायित्व सिर्जना हुन सक्ने, तर संभावना कम रहेको संभावित दायित्व **(Contingent Liabilities)** लाई छुट्टै देखाइएको छ।

**२.२.१८ आम्दानीको लेखाङ्कन:**

आम्दानीको लेखाङ्कन त्यो हदसम्म गरिएको छ जसको आर्थिक फाइदाको सम्भावना कम्पनीलाई हुन सक्छ तथा आम्दानी र सो का लागि गरिएका खर्च वा सम्भावित खर्चलाई समेत भरपर्दो रुपमा मापन गर्न सकिन्छ। मूल्य अभिवृद्धि कर र अन्तःशुल्क घटाइसके पछिको मूल्यनै आम्दानीको वास्तविक मूल्य हो। जसको भुक्तानी प्राप्त भईसकेको वा प्राप्त नभईसकेको पनि हुनसक्छ।

**२.२.१९ खर्चहरु:**

**सञ्चालन लिज भुक्तानी**

सञ्चालन लिज वापतको भुक्तानीलाई समदर प्रणाली **(Straight Line Method)** अनुसार नाफा नोक्सान हिसावमा खर्च लेखाङ्कन गरिएको छ। लिज वापत प्राप्त हुने रकमलाई जम्मा लिज वापतको रकमको अभिन्न अङ्गको रुपमा आय विवरणमा लेखाङ्कन गरिएको छ।

**खुद वित्तीय लागत**

खुद वित्तीय खर्चहरुमा ऋणमा लाग्ने ब्याज दरले गणना गरी देखाइएको ब्याज खर्च र सो मा विदेशी मुद्रा नाफा नोक्सान समेत समावेश छ।

ब्याज आम्दानीलाई एक्रुयल आधारमा नाफा नोक्सान हिसावमा आम्दानी जनाइएको छ। लाभांश आम्दानीलाई भुक्तानी प्राप्त हुने अधिकार सृजना हुने आधारमा नाफा नोक्सान हिसावमा आम्दानी देखाउने गरिएको छ।

**क्यासिनो रोयल्टी**

कम्पनिले क्यासिनो रोयल्टी वापत रु. ४,२३,३७,५००/- व्यवस्था गरी नाफा नोक्सान हिसावमा खर्च लेखिएको छ जसको भुक्तानी आ.व. २०७२/२०७३ मा गरिएको छ।

**२.२.२० समूहकृत प्रतिवेदन:**

समूहकृत भन्नाले कम्पनीको विभाजन गर्न सकिने विभिन्न विभाग (काम) जसमा वस्तु वा सेवा प्रदान गर्ने वा वस्तु तथा सेवा प्रदान गर्ने विभिन्न आर्थिक वा भौगोलिक, जुन विषयवस्तुको जोखिम वा आम्दानीको आधारमा छुट्याउन सकिन्छ।

**२.२.२१ सञ्चालन अनिरन्तरता:**

संचालन अनिरन्तरता भन्नाले कम्पनीको कुनै व्यवसाय जसलाई अनिरन्तरता तथा बन्द गरिएको र जुन छुट्टै व्यवसायको तथा भौगोलिक रुपमा प्रस्तुत गरिएको छ।

**२.२.२२ सम्बन्धित पक्ष कारोबार:**

सम्बन्धित पक्षसँगको सबै कारोबारलाई कम्पनीले सामान्य बजार व्यवहार **(Arms length principle)** सिद्धान्तको आधारमा गर्ने गरेको छ।

**२.२.२३ प्रति शेयर आम्दानी:**

प्रति शेयर आम्दानी गणना गर्दा यस अवधिको खुद नाफा/नोक्सानलाई सोही अवधिको जम्मा शेयरको औसत संख्याले भाग गरी निकालिएको छ।

प्रति शेयरको **Diluted** आम्दानी गणना गर्नको लागि सो समायोजन अवधिको खुद नाफा/नोक्सान र सोही अवधिको लागि सम्भावित **Diluted** शेयरको औसत संख्याका आधारमा साधारण शेयर संख्या अनुमान गरी कूल शेयर संख्याले भाग गरी निकालिएको छ।

# आ.व. २०७१/०७२ सालको वार्षिक हिसाबसँग सम्बन्धित अनुसूचीहरु

## ३ अन्य व्याख्यात्मक टिप्पणीहरु

### ३.१ सम्पत्ति, मेशिन तथा यन्त्र उपकरणहरु

| लागत | जग्गा तथा भवन (रु.) | यन्त्र तथा मेशिनरी (रु.) | फर्निचर तथा कार्यालय सामग्री (रु.) | कम्प्युटर (रु.) | सवारी (रु.) | अन्य सम्पत्ति (रु.) | जम्मा (रु.) |
|---|---|---|---|---|---|---|---|
| **२०७१ श्रावण १ गतेको मौज्दात** | **२,१४,४४,८६,१६०** | **१,१०,०६,४२,३४१** | **१४,१६,६७,८७४** | **४,४७,०२,२६२** | **३,२६,५५,०९१** | **१४,६०,७४,३४८** | **३,६१,०२,२८,०७६** |
| थप | २,२३,६९,६०७ | २,१०,९५० | ४,७६,९८९ | १७,८३,०६७ | ३१,३२,२२३ | १,४१,००० | २,८१,१३,८३६ |
| विक्रि/समायोजन | (३२,३५,०००) | (१,०४,२९,८९३) | | | (२३,७५,०००) | | (१,६०,३९,८९३) |
| **२०७२ आषाढ ३१ गतेको मौज्दात** | **२,१६,३६,२०,७६७** | **१,०९,०४,२३,३९८** | **१४,२१,४४,८६३** | **४,६४,८५,३२९** | **३,३४,१२,३१४** | **१४,६२,१५,३४८** | **३,६२,२३,०२,०१९** |
| **ह्रास तथा अवमूल्यन नोक्सानी:** | | | | | | | |
| **२०७१ श्रावण १ गतेको मौज्दात** | **३७,६८,२९,२१०** | **७०,७०,८०,०७५** | **८,१५,२५,९०९** | **३,९३,६२,७२२** | **९०,७०,९४१** | **९,७६,६७,०५३** | **१,३१,१५,३५,९०९** |
| यस वर्षको ह्रास कट्टी | ३,३७,७१,६८२ | ६,४२,७७,१६३ | १,०५,००,०२८ | ४६,६४,४४१ | ३२,२५,९५१ | ९५,३३,८७३ | १२,५९,७३,१३८ |
| निसर्ग | - | (७०,५०,६०८) | | | (१०,५२,१५८) | | (८१,०२,७६५) |
| **२०७२ आषाढ ३१ गतेको मौज्दात** | **४१,०६,००,८९२** | **७६,४३,०६,६३०** | **९,२०,२५,९३७** | **४,४०,२७,१६२** | **१,१२,४४,७३५** | **१०,७२,००,९२६** | **१,४२,९४,०६,२८३** |
| **बाँकी रकम** | | | | | | | |
| **२०७१ श्रावण १** | **१,७६,७६,५६,७६४** | **३९,३५,६२,२६६** | **६,०१,४१,९६५** | **५३,३९,५४०** | **२,३५,८४,१४९** | **४,८४,०७,२९५** | **२,२९,८६,९१,९८१** |
| **२०७२ आषाढ ३१** | **१,७५,३०,१९,८७५** | **३२,६१,१६,७६८** | **५,०१,१८,९२६** | **२४,५८,१६७** | **२,२१,६७,५७९** | **३,९०,१४,४२२** | **२,१९,२८,९५,७३७** |

# आ.व. २०७१/०७२ सालको वार्षिक हिसाबसँग सम्बन्धित अनुसूचीहरू

## ३.२ अदृश्य सम्पत्ति

| लागत | सफ्टवेयर (रु.) |
|---|---|
| **२०७१ श्रावण १ गतेको मौज्दात** | **१,१४,८६,९९५** |
| थप बाहिरबाट प्राप्त | १,२३,९०० |
| अन्य प्राप्ती र आन्तरिक विकास | - |
| **२०७२ आषाढ ३१ गतेको मौज्दात** | **१,१५,७०,८९५** |
| **गत वर्षसम्मको अपलेखन:** | |
| **२०७१ श्रावण १ गतेको मौज्दात** | **९६,७३,७९८** |
| यस वर्षको अपलेखन | १७,६१,४५६ |
| **२०७२ आषाढ ३१ गतेको मौज्दात** | **१,१४,३५,२५४** |
| **बाँकी रकम** | |
| **२०७१ श्रावण १** | **१७,७३,१९६** |
| **२०७२ आषाढ ३१** | **१,३५,६४०** |

## ३.३ जिन्सी मौज्दात

| विवरण | आ.व. २०७१/०७२ (रु.) | आ.व. २०७०/०७१ (रु.) |
|---|---|---|
| खाद्य तथा पेय पदार्थ | ८४,९८,३९८ | ९६,७१,६०९ |
| सञ्चालन सामग्री | ३१,७१,६३९ | २७,६८,१३७ |
| ईन्जिनियरिङ्ग सामग्री | ३१,२०,१९० | ३८,९५,६८३ |
| **जम्मा** | **१,४७,९०,२२७** | **१,६३,३५,४२९** |

## ३.४ ब्यापारिक तथा अन्य प्राप्य रकम

| विवरण | आ.व. २०७१/०७२ (रु.) | आ.व. २०७०/०७१ (रु.) |
|---|---|---|
| ब्यापारिक प्राप्य रकमहरु | १६,७१,८५,१११ | १९,५३,४३,२५७ |
| न्यून: संकास्पद | (८,५८,६५,६८३) | (८,४६,५५,२४६) |
| खूद ब्यापारिक प्राप्य रकमहरु | ८,१३,१९,४२८ | ११,०६,८८,०११ |
| सुरक्षित धरौटी | ४,९०,३१८ | १३,०१,२१८ |
| अग्रिम आयकर | २,८८,४८,२०४ | २,६२,७४,२०४ |
| मू.अ.कर पाउनुपर्ने | ३२,२३,७८७ | - |
| आपूर्तिकर्ता तथा अन्यलाई पेश्की | ९८,९७,६३९ | २८,५०,३७६ |
| अग्रिम भुक्तानी | ६३,१२,११८ | ४९,०५,३०२ |
| **जम्मा** | **१३,००,९१,४९३** | **१४,६०,१९,१११** |

# आ.व. २०७१/०७२ सालको वार्षिक हिसाबसँग सम्बन्धित अनुसूचीहरू

## ३.५ नगद तथा बैंक मौज्दात

| विवरण | आ.व. २०७१/०७२ (रु.) | आ.व. २०७०/०७१ (रु.) |
|---|---|---|
| नगद मौज्दात | १७,६३,८८० | १७,९६,०४४ |
| बैंक मौज्दात | २९,२८,२४,१२३ | २३,८१,६८,४६३ |
| **जम्मा** | **२९,४५,८८,००३** | **२३,९९,६४,५०७** |

## ३.६ शेयर पूँजी

| विवरण | आ.व. २०७१/०७२ (रु.) | | आ.व. २०७०/०७१ (रु.) | |
|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम |
| **अधिकृत शेयर पूँजी** | **५,००,००,०००** | **५,००,००,००,०००** | **५,००,००,०००** | **५,००,००,००,०००** |
| **जारी शेयर पूँजी** | | | | |
| साधारण शेयर | २,५०,००,००० | २,५०,००,००,००० | २,५०,००,००० | २,५०,००,००,००० |
| **चूक्ता शेयर पूँजी** | | **१,८८,६६,५४,०००** | | **१,८८,६५,४७,०००** |
| साधारण शेयर | १,०८,८५,४०० | | १,०८,८५,४०० | |
| साधारण शेयर (ऋणबाट परिवर्तित) | ५८,५९,३९० | | ५८,५९,३९० | |
| साधारण शेयर (अग्राधिकार शेयरबाट परिवर्तित) | २१,२१,७५० | | २१,२१,७५० | |
| न्यून: चुक्ता हुन बाँकि | | | २,१४० | |
| **जम्मा** | **१,८८,६६,५४०** | **१,८८,६६,५४,०००** | **१,८८,६४,४००** | **१,८८,६५,४७,०००** |

## ३.७ सञ्चित

| विवरण | आ.व. २०७१/०७२ (रु.) | आ.व. २०७०/०७१ (रु.) |
|---|---|---|
| गत वर्षसम्मको नोक्सानी | (४४,१२,४७,६४०) | (६५,३७,४७,३२४) |
| गत वर्षको समायोजन | २०,८१,५९८ | |
| यस वर्षको नाफा | १६,२२,३९,२२५ | २१,२४,९९,६८४ |
| **जम्मा** | **(२७,६९,२६,८१७)** | **(४४,१२,४७,६४०)** |

## ३.८ दिर्घकालिन कर्मचारी सुविधाहरु

| विवरण | आ.व. २०७१/०७२ (रु.) | आ.व. २०७०/०७१ (रु.) |
|---|---|---|
| उपदान व्यवस्था | २,६३,५७,७७१ | २,२५,०६,४५३ |
| सञ्चित विदा | ९०,६५,२०७ | १,००,७१,०५६ |
| **जम्मा** | **३,५४,२२,९७८** | **३,२५,७७,५०९** |

## ३.९ दिर्घकालिन व्यवस्थाहरु

| विवरण | आ.व. २०७१/०७२ (रु.) | आ.व. २०७०/०७१ (रु.) |
|---|---|---|
| वासस्थान व्यवस्था | १४,८४,७७,९२५ | १३,६७,४७,६८५ |
| **जम्मा** | **१४,८४,७७,९२५** | **१३,६७,४७,६८५** |

# आ.व. २०७१/०७२ सालको वार्षिक हिसाबसँग सम्बन्धित अनुसूचीहरू

## ३.१० ऋण तथा सापटीहरु

| विवरण | आ.व. २०७१/०७२ (रु.) | आ.व. २०७०/०७१ (रु.) |
|---|---|---|
| **गैर चालु** | | |
| बैंक ऋण | | ११,२८,८०,००० |
| सुरक्षित | | |
| असुरक्षित | | १७,५७,६०,००० |
| | | **२८,८६,४०,०००** |
| **चालु** | | |
| अधिविकर्ष | | |
| बैंक ऋण | – | २,८२,२०,००० |
| सुरक्षित | ८,७२,०१,१२८ | – |
| असुरक्षित | | |
| | **८,७२,०१,१२८** | **२,८२,२०,०००** |
| **जम्मा ऋण तथा सापटीहरू** | **८,७२,०१,१२८** | **३१,६८,६०,०००** |

## ३.११ परसारिएको कर सम्पत्ति र दायित्व

| विवरण | रकम (रु.) |
|---|---|
| **२०७१ आषाढको रकम** | **१८,१९,५३,९०८** |
| नाफा नोक्सान हिसाबमा समायोजन गरिएको | (२,८२,२०,२९४) |
| **२०७२ आषाढको रकम** | **१५,३७,३३,६१४** |

## ३.१२ ब्यापारिक तथा अन्य तिर्नूपर्ने

| विवरण | आ.व. २०७१/०७२ (रु.) | आ.व. २०७०/०७१ (रु.) |
|---|---|---|
| रिटेन्सन मनी *(Retention Money)* | ८,५१,३८१ | ६,९९,६२२ |
| विविध साहूहरु तथा अन्य दिनुपर्ने | ४५,५२,५४,५७० | ४४,८४,७६,७४२ |
| तिर्नुपर्ने श्रोतमा कर कट्टी | ३०,०४,५०४ | ३२,८२,५१८ |
| तिर्नुपर्ने मू.अ.कर | – | ९९,३६,५०७ |
| ग्राहकहरुबाट प्राप्त अग्रिम भुक्तानी | ४९,०५,१६३ | १,७२,२२,६८० |
| ६% असुरक्षित ऋणमा तिर्नुपर्ने व्याज | २,८८,१०,६७२ | ४,४३,१४,७७९ |
| **जम्मा** | **४९,२८,२६,२९०** | **५२,३९,३२,८४७** |

## ३.१३ अल्पकालिन कर्मचारी सूविधाहरु

| विवरण | आ.व. २०७१/०७२ (रु.) | आ.व. २०७०/०७१ (रु.) |
|---|---|---|
| तिर्नुपर्ने तलब, ज्याला तथा कर्मचारी खर्च | १,३५,४६,९८१ | १,७१,५२,९९० |
| बोनस व्यवस्था | २,०६,७१,५०१ | २,२५,२८,५१८ |
| **जम्मा** | **३,४२,१८,४८३** | **३,९६,८१,५०७** |

# आ.व. २०७१/०७२ सालको वार्षिक हिसाबसँग सम्बन्धित अनुसूचीहरू

## ३.१४ अल्पकालिन व्यवस्थाहरु

| विवरण | आ.व. २०७१/०७२ (रु.) | आ.व. २०७०/०७१ (रु.) |
|---|---|---|
| कर तथा शुल्कको व्यवस्था | ४,२३,३७,५०० | - |
| तिर्नुपर्ने कार्यालय खर्चहरु | ७,९१,२१४ | ५,८०,५१३ |
| अन्य व्यवस्थाहरु कर्पोरेट | ५,६४,७५० | ६,८९,५०० |
| हायात तिर्नुपर्ने अपरेशन | २,०४,७२,९६१ | २,२७,५१,९१० |
| अन्य व्यवस्थाहरु अपरेशन | ४३,९५,०३६ | ५५,१५,३६७ |
| **जम्मा** | **६.८५.६१.४६१** | **२.९५.३७.२९०** |

## ३.१५ सञ्चालनबाट आम्दानी

| विवरण | आ.व. २०७१/०७२ (रु.) | आ.व. २०७०/०७१ (रु.) |
|---|---|---|
| कोठा | ६७,२१,३८,०२३ | ७२,१०,०७,४९५ |
| खाद्य तथा पेय पदार्थ | ४३,६२,२६,९४३ | ४१,८६,९२,४६२ |
| टेलिफोन | २५,०७,५५८ | २२,५७,१८१ |
| अन्य सञ्चालन विभागहरु | ५,५९,२५,७१३ | ५,३६,५३,२९१ |
| **जम्मा** | **१.१६.६७.९८.२३६** | **१.१९.५६.१०.४२९** |

## ३.१६ बिक्रीको लागत

| विवरण | आ.व. २०७१/०७२ (रु.) | आ.व. २०७०/०७१ (रु.) |
|---|---|---|
| कोठा | ९,६६,४१,६११ | १०,६५,८८,४५२ |
| खाद्य तथा पेय पदार्थ | २०,६१,८६,०४० | २२,९२,००,६६६ |
| टेलिफोन | २८,८३,९९६ | १७,९६,३१४ |
| अन्य सञ्चालन विभागहरु | १,४९,७७,७११ | १,५०,८०,०२५ |
| **जम्मा** | **३२.०६.८९.३५८** | **३५.२६.६५.४५७** |

## ३.१७ कारोबारसँग सम्बन्धित अन्य आम्दानी

| विवरण | | रकम (रु.) |
|---|---|---|
| भाडा आम्दानी | ५७,६७,०९४ | २,८८,११,७३१ |
| अन्य आम्दानी | १,८४,६१,१३८ | २,३४,७३,९३१ |
| **जम्मा** | **२.४२.२८.२३२** | **५.२२.८५.६६२** |

# आ.व. २०७१/०७२ सालको वार्षिक हिसाबसँग सम्बन्धित अनुसूचीहरु

## ३.१८ प्रशासकीय तथा साधारण खर्चहरु

| विवरण | आ.व. २०७१/०७२ (रु.) | आ.व. २०७०/०७१ (रु.) |
|---|---|---|
| तलब तथा ज्याला/भत्ता | ७,५२,२५,९५७ | ७,८८,४०,४४१ |
| सञ्चय कोष | ५६,०५,४०३ | ५३,६७,२५७ |
| उपदान कोष | ३८,३०,३९२ | ४१,३२,०१८ |
| अन्य सुविधा | १,८२,५१,३४६ | १,७४,०२,६२२ |
| सेवा तथा सम्भार (Up Keep) खर्च | २४,५८,०६२ | ३९,२१,५२१ |
| कमिशन | १,९४,९३,८३७ | १,५२,०१,६८४ |
| संगीत तथा मनोरञ्जन | १४,४५,४८५ | १५,६४,८७५ |
| छपाई तथा मसलन्द | १०,३२,८१८ | १०,४८,८३८ |
| सजावट | १६,५०,३०१ | १७,९३,१८२ |
| परिवहन खर्च | २७,८३,३६९ | २७,३१,३५७ |
| सञ्चार खर्च | ९,०५,५६१ | ८,२४,३०३ |
| बैंक/केडिट कार्ड शुल्क | १,७४,६६,०८३ | १,८७,१८,२९७ |
| सफ्टवेयर मर्मत खर्च | ९५,३९,९४० | १,३७,३०,५६२ |
| विज्ञापन तथा बिक्री प्रबर्धन | १,२१,९४,९५७ | १,११,१४,६९९ |
| मर्मत तथा सम्भार | ४,५८,७५,६७१ | ६,६९,८०,६०६ |
| विद्युत तथा इन्धन | ८,८५,२७,१५८ | १०,३१,५०,७७० |
| पानी तथा ढल निकास | २७,८९,१३० | ४२,४५,४९१ |
| चन्दा | ३,१०,००० | - |
| व्यापारिक प्रदर्शनी तथा संगठन खर्च | १४,६६,२४८ | १२,८२,६३९ |
| भ्रमण | ३६,५८,५३९ | ८,५७,८७७ |
| बीमा | ७०,३३,८३७ | ६१,३१,९९९ |
| औषधोपचार | १,६५,६३१ | ६९,०८९ |
| वार्षिक साधारण सभा | १४,७४,३६३ | १८,५४,९०९ |
| सरकारी शुल्क तथा नविकरण | ४,३२,२२,६०१ | २०,३४,८७८ |
| अन्य | ७४,२८,३१३ | ४२,९०,८१६ |
| कानुनी तथा परामर्श | ६५,४०,४८७ | ८२,४५,५६९ |
| सञ्चालक समितिको बैठक भत्ता | ५,२९,४१२ | ३,५२,९४१ |
| पट्टा बहाल | ३१,०८,००० | २९,६०,००० |
| लेखापरीक्षण शुल्क | १,००,००० | १,००,००० |
| सुरक्षा खर्च | १,११,५१,६७७ | ९६,८४,२१९ |
| शंकास्पद आसामी व्यवस्था | २६,१७,११० | - |
| खराव आसामी अपलेखन | - | ८,९७,०८३ |
| **जम्मा** | **३९,७८,८१,६८६** | **३८,९५,३०,५४२** |

**३.१९ लेखा सम्बन्धी टिप्पणीहरु:**

**३.१९.१ बिक्रीको लागत:**

आम्दानी प्राप्त गर्नको लागि प्रत्यक्ष रुपमा गरिएका खर्चहरुलाई बिक्रीको लागतमा राखिएको छ ।

**३.१९.२ अवकाश सुविधा:**

कम्पनीले कर्मचारी अवकाश सुविधा योजना अन्तर्गत कर्मचारी सञ्चय कोष, कर्मचारी उपदान कोष र सञ्चित विदाको नगद भुक्तानीको व्यवस्था गरेको छ । आवधिक रुपमा सञ्चय कोष वापतको योगदानलाई आय विवरणमा खर्च लेखिएको छ ।

वर्षान्तको अन्तमा उपदान वापतको दायित्वलाई वास्तविक रुपमा मूल्याङकन नगरिए पनि तोकिएको अवधिसम्म सेवारत कर्मचारीहरुलाई सम्बन्धित वर्षको आधारभूत पारिश्रमिकको आधारमा उपदान कोषको व्यवस्था गरिएको छ । यस बर्षको लागि उपदान वापत रु. ८४,१६,५८५/- को व्यवस्था गरिएको छ जुन नाफा नोक्सान हिसावमा खर्च देखाइएको छ ।

त्यसैगरी होटलको नियम अनुसार कर्मचारीको सञ्चित विदाको सट्टा नगद भुक्तानी वापतको दायित्व २०७२ आषाढ मसान्तलाई अवकाशको अन्तिम दिन मान्दा रु. ९०,६५,२०७/- दायित्व देखिन्छ (गत वर्ष रु. १,००,७१,०५५/- थियो) ।

यस वर्ष सञ्चय कोष स्वरुप जम्मा रु. १,०७,९२,७१७/- आय विवरणमा खर्च लेखिएको छ ।

कम्पनीले उपदान वापतको रकम स्वीकृत उपदान कोषमा राख्ने प्रक्रियामा रहेको छ ।

**३.१९.३ कोठाको अक्यूपेन्सी:**

यस वर्ष कोठाको अक्यूपेन्सी दर ६७ प्रतिशत रह्यो, जुन गत वर्ष ७३ प्रतिशत रहेको थियो ।

**३.१९.४ सम्पत्ति पट्टा बहाल:**

कम्पनीले तारा गाउँ विकास समितिसँग ४९ वर्षको लागि १४८ रोपनी जग्गा बहालमा लिएको छ । जसलाई मे १९, १९९४ को सहमति पत्रअनुसार नवीकरण गर्न सकिने छ । पट्टा बहाल खर्चलाई आय विवरणमा खर्च लेखिएको छ ।

**३.१९.५ क्यासिनोको सञ्चालन:**

नेपाल सरकारले क्यासिनोसँग सम्बन्धित नीति नियमहरुमा मिति २०७०।४।७ मा केही मुख्य परिवर्तन गर्‍यो । बारम्बार ताकेता गर्दा पनि क्यासिनो सञ्चालकले सरकारी बक्यौता र होटललाई तिर्नु पर्ने रकम तिर्न असमर्थ भयो । जसको फलस्वरुप सरकारले पनि क्यासिनो सञ्चालन इजाजतपत्र खारेजी गर्‍यो । यसका अतिरिक्त क्यासिनो सञ्चालक भ्यालि लिङ्क प्रा.लि. ले मिति २०७१।१।६ **(19 April 2014)** को पत्र मार्फत क्यासिनो सञ्चालनको सम्झौता खारेज गरि गत आर्थिक वर्षदेखि क्यासिनो भाडा भुक्तानी गर्न समेत रोकेको छ । यी विविध व्यवधान र कारणहरु तथा क्यासिनो सञ्चालन सम्झौता निस्कृय रहेको हुनाले २०७१।४।१ देखि २०७२/३/३१ सम्मको भाडालाई आम्दानी जनाइएको छैन ।

**३.१९.६ अग्राधिकार शेयरको लागि लाभांशको व्यवस्था गरिएको छैन :**

कम्पनिले यस वर्ष नाफा आर्जन गरे पनि सञ्चित नोक्सानी रहेको हुनाले अग्राधिकार शेयरलाई साधारण शेयरमा परिवर्तन गर्दासम्मको अर्थात आ.व. २०७०/०७१ सम्मको लाभांशको लागि रु.८,९६,७१,५४९/- व्यवस्था गरिएको छैन ।

**३.१९.७ १८% अग्राधिकार शेयरको रकमलाई ६% असुरक्षित ऋणमा परिवर्तन:**

कम्पनीले आफ्नो असुरक्षित ऋण तथा भुक्तानी नगरिएको व्याजलाई भुक्तानी गर्ने सूचना जारी गरेको छ । ५० प्रतिशत भन्दा बढी असुरक्षित ऋण तथा व्याज तिरिसकिएको छ र बाँकी भुक्तानी गर्ने प्रक्रियामा रहेको छ ।

**३.१९.८ शेयर मूल्य भुक्तानी आमन्त्रणमा लचकता:**

बैंक/ऋणदाताहरुले ऋणलाई साधारण शेयरमा परिवर्तन गरेको सम्बन्धमा, बैंक/ऋणदाताहरुले शेयर लिएको मितिदेखि ५ वर्ष भित्रमा कुनै पनि समयमा बैंक तथा ऋणदाताहरुले तारागाउँ रिजेन्सी होटल्स लि. को लिन कबुल गरिएको शेयरहरु फेरी किन्न सक्ने अधिकार यस कम्पनीको संस्थापकसँग रहेको थियो । तर यो आमन्त्रणको समय सकिसकेको छ । अब बैंक/ऋणदाताहरुले आफ्नो सुविधा अनुसार कुनै पनि व्यक्तिलाई उक्त शेयर बेच्न सक्ने छ तर संस्थापकहरुलाई पहिलो इन्कारी गर्नको लागि १५ दिनको अवसर दिइने छ ।

**३.१९.९ हायात व्यवस्थापन खर्च (Hyatt Incentive Fee):**

कम्पनीले हायात व्यवस्थापन शुल्क बापत रु. ६.८७ करोड व्यवस्था गरेको छ । जुन हायात इन्टरनेशनलसँग ११ नोभेम्बर १९९६ मा सहमति भई नेपाल सरकारको उद्योग विभागबाट १० सेप्टेम्बर १९९७ मा स्वीकृति भए बमोजिमको हायात व्यवस्थापनले देखाएको कूल सञ्चालन नाफाको १४% ले हुने रकम हो । त्यस्तै कम्पनिले बिभिन्न मितिमा उद्योग विभागबाट पूरक सम्झौताहरु पनि स्वीकृति गराएको छ र पछिल्लो पटक मिति २०७२/५/१४ मा स्वीकृत लिएको छ । त्यसै गरी कम्पनीले **Chain Allocation Fee** बापत यस वर्ष रु. २.३५ करोडको व्यवस्था गरेको छ ।

**३.१९.१० संभावित दायित्वः**

**क) आयकर र मु.अ.करः**

आ. व. २०५९।०६० देखि २०६३।०६४ सम्मको कर कार्यालयबाट भएको कर निर्धारण विरुद्ध राजश्व न्यायधिकरणमा पूनरावेदन दर्ता गरिएकोमा राजश्व न्यायधिकरणले आन्तरिक राजस्व विभागलाई पूनरावलोकन गर्नको लागि फायल फिर्ता पठाएको छ । आ. व. २०६४।०६५ देखि २०६७०६८ सम्म प्रशासकिय पूनरावलोकनको लागि आन्तरिक राजस्व विभागमा विचाराधीन अवस्थामा रहेको छ । धरौटी स्वरुप रु. २,८८,४८,२०४/- जम्मा गरिएको छ र आन्तरिक राजश्व विभागबाट निर्धारण गरी माग गरिएको रकम भने व्यवस्था गरिएको छैन । कम्पनिले कर फछ्यौट आयोगमा आ.व. २०६६।०६७ सम्मको कर निर्धारणको लागि निवेदन गरेकोमा आ.व. २०७२/०७३ मा अन्तिम कर निर्धारण समेत भईसकेको छ । कर फछ्यौट आयोगसँग गरिएको कर निर्धारणको प्रभावहरु आगामी आ.व.मा प्रस्तुत गरिने छ । धरौटीको विवरण निम्नानुसार रहेको छः

| आर्थिक वर्ष | जम्मा कर धरौटी रु. | संभावित दायित्व रु. |
|---|---|---|
| २०५९।०६० | १,०४,९९,००० | २,०९,९६,३९४ |
| २०६०।०६१ | ४२,३७,००० | ८४,४५,३६८ |
| २०६१।०६२ | ४०,९२,००० | ८१,८०,३३९ |
| २०६२।०६३ | ३७,४९,३२१ | ७४,७३,१९० |
| २०६३।०६४ | २६,७१,८८३ | ५३,३९,६४६ |
| २०६४।०६५ | ३,४०,००० | १८,४१,१७४ |
| २०६५।०६६ | ६,८५,००० | ११,७०,७१० |
| २०६६।०६७ | १५,७४,००० | ५४,०२,९१७ |
| २०६७०६८ | १०,००,००० | २९,६८,९३२ |
| **जम्मा** | **२,८८,४८,२०४** | **६,२६,१८,६७०** |

**ख) काठमाण्डौ महानगरपालिका जग्गा तथा बाहालकरः**

काठमाण्डौ महानगरपालिका कार्यालय र होटल संघ नेपाल विच जग्गा तथा बाहाल करको विषयमा विवाद रहेको छ । काठमाण्डौ महानगरपालिका कार्यालयले होटलहरुलाई जग्गा तथा बाहाल कर तिर्न दवाव दिदै आएता पनि होटल संघ नेपालले हालसम्म सहमति जनाएको छैन । यद्यपि, आ.ब. २०७१।०७२ मा पाँच

तारे होटलहरु विच आ.व. २०६९।०७० को बाहाल कर तिर्न सहमत भए बमोजिम जम्मा रु. १०,७०,४००/- भुक्तानी गरिएको छ । तसर्थ सम्बन्धित निकायबाट निर्णय नभएसम्मको लागि जग्गा करलाई कम्पनीको संभावित दायित्व मानिएको छ ।

**ग) पूँजीको प्रतिवद्धताः**

छैन ।

**३.१९.११ आयकर व्यवस्थाः**

आयकर ऐन, २०५८ को व्यवस्था अनुसार यस वर्षको लागि रु. ६.८५ करोड आयकरको व्यवस्था गरिएको छ । तथापि, कर लेखापरिक्षण/निर्धारण सम्पन्न भएपछि वास्तविक कर दायित्व भने फरक हुन सक्नेछ ।

**३.१९.१२ स्थगन कर दायित्व र सम्पत्तिको प्रमाणिकरणः**

स्थगन कर **(Deferred Tax)** करको दर र वासलात तयार गरिदाँसम्मको दिनका प्रचलित कर कानुनको आधारमा मूल्याङ्कन गरिन्छ । यस्तो कर सम्पत्ति भविष्यमा यथेष्ट करयोग्य आय हुने अवस्था निश्चित भएमा मात्र स्थगन करको व्यवस्था गरिन्छ । यस आर्थिक वर्षमा स्थगन कर **(Deferred Tax)** को सम्पत्ति रु. २,८२,२०,२९४ हुन आएको छ, जुन २०७२ आषाढ मसान्तसम्म आय विवरणमा अभिलेखित नाफा र कर नाफा बीचको समयअन्तरको कारणबाट आएको भिन्नता हो । विस्तृत विवरण तल उल्लेख गरिएको छ:

| विवरण | शुरु मौज्दात (श्रावण १, २०७१) | चालू वर्षको | अन्तिम मौज्दात (आषाढ ३१, २०७२) |
|---|---|---|---|
| परसारिएको कर सम्पत्ति/(दायित्व) | | | |
| समय अन्तरको कारणले: | | | |
| क) स्थिर सम्पत्ति | (१८,७५,८०,५२१) | २,७९,१६,४०९ | (१५,९६,६४,११२) |
| ख) उपदान | ५६,२६,६१३ | ३,०३,८८५ | ५९,३०,४९८ |
| **खुद सम्पत्ति/(दायित्व)** | **(१८,१९,५३,९०८)** | **२,८२,२०,२९४** | **(१५,३७,३३,६१४)** |

कर फछर्यौट सम्बन्धी विषयमा कर निर्धारण हुन बाँकी रहेको कारणले समायोजन योग्य घाटामा कर सम्पत्ति प्रमाणिकरण गरिएको छैन ।

**३.१९.१३ कर्मचारी बोनसः**

बोनस ऐन, २०३० अनुसारले कामदार कर्मचारीहरुको लागि खुद नाफाको १० प्रतिशत अर्थात रु. २.०२ करोड बोनसको व्यवस्था गरिएको छ (गत वर्ष रु. २.२४ करोड थियो) ।

**३.१९.१४ कर्मचारी आवास कोषः**

आयकर कर र बोनस भन्दा अधिको खुद नाफाको ५% कर्मचारी आवास कोषमा छुट्टाइएको छ, जुन आ.व. २०६९।०७० सम्म श्रम ऐन, २०४८ बमोजिम कूल आयको ५% व्यवस्था गरिएको थियो । आवास व्यवस्था गणना गर्ने तरिकामा भएको परिवर्तनको कारणले बोनस र कर भन्दा अधिको नाफा रु. ३,०५,७५,२०४/- ले बढ्न गएको छ ।

**३.१९.१५ सम्बन्धित पक्षसँगको कारोबारः**

**नेपाल ट्राभल एजेन्सी प्रा.लि.सँगको कारोबारः**

कम्पनीले नेपाल ट्राभल एजेन्सी प्रा. लि. सँग सवारी भाडा खर्च बापत रु. ३९,१४,१७७/- भुक्तानी गरी ग्राहकहरुलाई ल्याउन/लैजानको लागि सवारी साधन भाडामा लिएको छ, जहाँ श्री अरुण कुमार सराफ साझा सञ्चालक हुनुहुन्छ ।

**आइसिटिसि समुह (संस्थापक शेयरधनी) सँगको कारोबार:**

कम्पनिले आइसिटिसिलाई रु. १७,१४,५७२/- बराबरको बिक्रि गरी आम्दानी प्राप्त गरेको छ ।

**व्यवस्थापनका मुख्य पदाधिकारीहरुको पारिश्रमिक:**

कम्पनीले यस आर्थिक वर्षमा पारिश्रमिक स्वरुप प्रबन्ध सञ्चालकलाई रु. ५३.३ लाख र कार्यकारी सञ्चालकलाई रु. ३५.७ लाख भुक्तानी गरेको छ ।

**३.१९.१६ सेवा शुल्क:**

कम्पनीको सम्पूर्ण बिक्रीमा आफ्ना ग्राहकहरुलाई १० प्रतिशत सेवा शुल्क लगाउने गरेको छ । उक्त सेवा शुल्कमध्ये ६८ प्रतिशत कर्मचारीलाई, २ प्रतिशत होटल संघ नेपाल **(HAN)** लाई वितरण गर्ने गरेको र बाँकी ३० प्रतिशत रु. ३.५५ करोडलाई कम्पनीको आम्दानी जनाइएको छ ।

**३.१९.१७ प्रति शेयर आम्दानी:**

यस वर्षको लागि प्रति शेयर आम्दानी रु. ८.६ रहेको छ (गत वर्ष रु. ११.२६) ।

**३.१९.१८ अन्य व्यवसायिक आम्दानी:**

कम्पनीका अन्य व्यवसायिक आम्दानी मुख्य व्यवसायसँग सम्बन्धित छैन । त्यसैले यस अन्तर्गत लागत समायोजन पश्चात्को आम्दानीमात्र लेखाङ्कन गरिएको छ ।

**३.१९.१९ समूहकृत प्रतिवेदन:**

कम्पनी एक मात्र समूहकृत होटल व्यवसायमा संलग्न रहेको हुनाले समूहकृत प्रतिवेदनमा खुलाउन आवश्यक नदेखिएको । यसको अतिरिक्त कम्पनी नेपालमा मात्र सञ्चालन रहेको हुनाले भौगोलिक समूहकृत अन्तर्गत अतिरिक्त जानकारीहरु आवश्यक नभएको ।

**३.१९.२० रकमहरुको पुन:सामूहिकरण:**

गत वर्षको अंकहरुलाई आवश्यकता अनुसार पून:सामुहिकरण तथा पून:वर्गिकरण गरिएको छ ।

**३.१९.२१ निकटतम् रकम:**

वित्तीय विवरणको रकमहरुका पैसाहरुलाई निकटतम् रुपैयाँमा देखाइएको छ ।

**३.१९.२२ विविध:**

सम्पूर्ण रकमहरुलाई नेपाली रुपैयाँमा देखाइएको छ ।


# नोट



THE LOBBY LOUNGE TERRACE



THE CAFE RESTAURANT



# तारागाउँ रिजेन्सी होटल्स लिमिटेड


बौद्ध, जि.पि.ओ. बक्स: ९६०९, काठमाण्डौं, नेपाल

फोन: ९७७-१-४४९७३५०, प-याक्स् ९७७-१-४४७०४०९

E-mail: info@taragaon.com, share@taragaon.com